# जिल्ला विकास समितिको कार्यालय, धनकुटा

को

# सामाजिक परीक्षण प्रतिवेदन

(आ.व. २०७१/७२)

२०७२ असोज ५ गते ।

# जिल्ला विकास समितिको कार्यालय, धनकुटा

# को

# सामाजिक परीक्षण प्रतिवेदन

आ.ब. २०७१/७२

**सामाजिक परीक्षक**

विदुर सुवेदी
धनकुटा ७, हुलाकटोल
सम्पर्क फोन : ९८५२०६०७९७
इमेल : subedibg@gmail.com

**२०७२ असोज ५ गते।**

# धनकुटा जिल्लाको नक्सा



# भूमिका तथा आभार

स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ का नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेका सम्बन्धमा लेखाजोखा गर्नुपर्ने प्रावधान रहेको छ । सामाजिक परीक्षण प्रक्रियालाई व्यवस्थित गर्नका लागि स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय सामाजिक परीक्षण कायविधि २०६७ जारी गरेको छ । सोही कार्यविधिको परिधी भित्र रहेर गरिएको यो परीक्षणले धनकुटा जिल्लाको सामाजिक विकासको अवस्थाको प्रतिनिधित्व गर्दछ । जिल्ला विकास समितिको कार्यालय, विषयगत कार्यालयहरु र साझेदार गैससहरु समेतले एक आर्थिक वर्षमा पुरा गरेको सामाजिक दायित्वको लेखाजोखा र जिल्लाको सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ । जिविसको कार्यालय, धनकुटाले आर्थिक वर्ष २०६८/०६९ देखि निरन्तर रुपमा सामाजिक परीक्षण गरिरहेको छ ।

यो सामाजिक परीक्षण २०७२ साल भदौ महिनामा सम्पन्न गरिएको हो । परीक्षणको कार्य सम्पन्न गर्न कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरिएको छ । यो परीक्षण प्रक्रियामा जिल्लास्थित विभिन्न ९ वटा विषयगत कार्यालयहरु र ४ गैससहरुको वार्षीक गतिविधिहरुलाई मुख्य आधार बनाइएको छ । उल्लेखित कार्यालयहरुको प्रगति समिक्षा र अन्तरक्रियात्मक छलफल पश्चात प्रारम्भिक तयार गरि उक्त प्रतिवेदन जिल्ला स्तरीय वैठकमा प्रस्तुती पश्चात प्राप्त सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । प्रतिवेदनमा उल्लेख भएका तथ्याङ्कहरुको मुख्य स्रोत सम्वन्धित विषयगत कार्यालयहरु नै हुन् । जसको विवरण प्रतिवेदनमा राखिएको छ ।

जिविसको कार्यालय धनकुटाको सामाजिक परीक्षण गर्नका लागि जिम्मेवारी दिनुहुने जिल्ला विकास समितिको कार्यालय, धनकुटा र स्थानीय विकास अधिकारी श्री गणेशप्रसाद दाहाल, योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री राजेन्द्रप्रसाद भट्टराईलाई विशेष धन्यवाद दिन चाहन्छु । सामाजिक परीक्षण कार्यमा महत्वपूर्ण सहयोग गर्नुहुने वरिष्ठ कार्यक्रम अधिकृत श्री सीताराम गौतमलाई धन्यवाद दिन चाहन्छु । यसैगरी जिविसको कार्यालयका अन्य कर्मचारीहरु, विषयगत कार्यालयका प्रमुखहरु तथा अध्ययन कार्यमा सूचना उपलब्ध गराइदिनुहुने महानुभावहरु, गैससका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला स्तरीय भेलामा राय सुझाव दिनुहुने राजनीतिक दलका प्रतिनिधिहरु, अन्य विषयगत निकाय तथा गैससका प्रमुख तथा प्रतिनिधिहरु तथा अन्य उपस्थित व्यक्तित्वहरु सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

यो सामाजिक परीक्षण प्रतिवेदन सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेखित सूचकहरु र उपलब्ध ढाँचामा तयार भएको छ । यो प्रतिवेदन जिविसको कार्यालयको चौथो सामाजिक परीक्षण हो, यद्यपी यसमा सुधारका अवसरहरु रहन सक्दछन् । जिल्ला विकास समितिले आगामी दिनमा समेत यस्ता कार्यहरु सम्पादन गर्ने अवसर प्रदान गर्नेछ भन्ने शुभेच्छा व्यक्त गर्दै प्रतिवेदनमा सकारात्मक र सिर्जनात्मक सुझावको अपेक्षा गर्दछु ।

विदुर सुवेदी

सामाजिक परीक्षक

# विषयसूची


| विषयक्रम | | | पेज |
|---|---|---|---|
| जिल्लाको नक्सा | | | ३ |
| भूमिका | | | ४ |
| १. | पृष्ठभूमि | | ६ |
| २. | सामाजिक परीक्षणको उद्देश्य | | ६ |
| ३. | अध्ययन विधि | | ६ |
| ४. | अध्ययनको सीमा | | ७ |
| ५. | बृहत् छलफल कार्यक्रमको विवरण | | ७ |
| ६. | स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण | | ७ |
| | ६.१ | स्थानीय निकायको परिचय | ७ |
| | ६.२ | स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू | ९ |
| | ६.३ | गतवर्षको मुख्य मुख्य उपलब्धिहरू : | १० |
| | ६.४ | यसवर्षको मुख्य मुख्य सामाजिक उपलब्धिहरू | १५ |
| | ६.५. | सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | २४ |
| | ६.६. | गत वर्षमा भोगेका समस्याहरू | ४४ |
| | ६.७. | सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव | ४५ |
| ७ | विषयगत कार्यालयहरुको विवरण | | ४६ |
| | ७.१. | जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा | ४६ |
| | ७.२ | जिल्ला शिक्षा कार्यालय, धनकुटा | ५० |
| | ७.३ | महिला तथा वालवालिका कार्यालय | ५४ |
| | ७.४ | जिल्ला विकास समितिको कार्यालय, धनकुटा | ५७ |
| | ७.५ | जिल्ला पशुसेवा कार्यालय | ६२ |
| | ७.६ | जिल्ला कृषि विकास कार्यालय | ६४ |
| | ७.७ | क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, धनकुटा | ६७ |
| | ७.८ | जिल्ला वन कार्यालय, धनकुटा | ७० |
| | ७.९ | जिल्ला भू–संरक्षण कार्यालय, धनकुटा | ७२ |
| | ७.१० | घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, धनकुटा | ७५ |
| | ७.११ | कोशी अञ्चल आयुर्वेद औषधालय | ७७ |
| | ७.११ | सल्भ नेपाल | ७९ |
| | ७.१२ | हुसाडेक नेपाल | ८२ |
| | ७.१३ | पर्डेप नेपाल | ८४ |
| | ७.१४ | सिडिएफ नेपाल | ८६ |
| ८ | सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु | | ८९ |
| ९ | सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु | | ९० |
| ११. | सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु | | ९१ |
| सन्दर्भ सामग्रीहरु | | | ९२ |
| वृहत छलफलको निर्णय तथा उपस्थिती विवरण | | | |

## १. पृष्ठभूमि

स्थानीय निकाय आर्थिक प्रशासनिक नियमावली २०६४ को नियम २०१ (१) ले सामाजिक परीक्षण सम्वन्धी व्यवस्था गरेको छ । सोही आधारमा तयार भएको सामाजिक परीक्षण कार्यविधि २०६७ ले सामाजिक परीक्षणका सूचकहरु, प्रतिवेदन ढाँचा र परीक्षण प्रक्रिया निर्धारण गरेको छ । साथै उक्त कार्यविधिले सामाजिक परीक्षणलाई स्थानीय निकायको सन्दर्भमा परिभाषित गरेको छ । जस अनुसार सामाजिक परीक्षण भनेको स्थानीय निकायहरुको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले जिल्लाको आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्ने कार्य हो । स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यले स्थानीय निकायलाई सामाजिक दायित्व पुरा गर्न सहयोग गर्दछ । परीक्षण कार्यविधि अनुसार स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र सामाजिक परीक्षण गराउनु पर्ने प्रावधान राखेकोछ । सामाजिक परीक्षण सम्पन्न गर्नु जिल्ला विकास समितिको न्यूनतम शर्त समेत भएको हुँदा आफ्नो सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्न यो सामाजिक परीक्षण गरि प्रतिवेदन प्रस्तुत गरिएकोछ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

सामाजिक परीक्षण्का उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

- स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्व पुरा भए नभएको अध्ययन गर्नु ।
- स्थानीय निकायले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गरी प्रतिवेदन मार्फत आवश्यक सुझाव प्रस्तुत गर्नु ।

## ३. अध्ययन विधि

सामाजिक परीक्षणको अध्ययन विधि सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेख भए बमोजिम रहेको छ । मुख्यतः यो परीक्षणको अध्ययन विधि निम्न अनुसार रहेकोछ ।

- स्थानीय निकायका सामाजिक जिम्मेवारी सम्वन्धी नीति नियम, निर्णय र कार्यान्वयन प्रक्रिया र सो सम्वन्धी प्रतिवेदनहरुको अध्ययन
- विषयगत कार्यालयहरुसँग भेटघाट, अन्तरवार्ता र सूचना संकलन
- प्राप्त सूचनाका आधारमा प्रारम्भिक प्रतिवेदन तयारी
- प्रारम्भिक प्रतिवेदनमाथी छलफल, प्रतिक्रिया र सुझाव
- प्राप्त सुझावका आधारमा अन्तिम प्रतिवेदन तयारी

## ४. अध्ययनको सीमा

यो अध्ययनको ढाँचा, प्रक्रिया र विधिहरु स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को सीमा भित्र रहेका छन् । कार्यविधि बमोजिम जिल्ला विकास समिति र सामाजिक विकास सँग सम्वन्धित विषयगत कार्यालयहरु यस अध्ययनको क्षेत्रभित्र रहेका छन् । यो अध्ययनले जिल्ला विकास समिति अन्तर्गत भएका सामाजिक विकासको अवस्थाको प्रतिनिधित्व मात्र गर्दछ । तर समग्र जिल्लाको सामाजिक विकासको प्रस्तुती गरेको छैन ।

## ५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : २०७२ साल असोज १ गते ।

ख) स्थान : जिल्ला विकास समितिको सभाकक्ष

ग) समय : दिउसो ११ बजे ।

घ) उपस्थिति संख्या : ५१ जना ।

# ६. स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण [1]

## ६.१ धनकुटा जिल्ला विकास समितिको संक्षिप्त परिचय

- धनकुटा जिल्ला पूर्वाञ्चलको मध्यपहाडी जिल्ला हो । यसको क्षेत्रफल ८८७.७ वर्ग किलोमिटर रहेको छ । पूर्वमा पाँचथर र तेह्रथुम, उत्तरमा संखुवासभा, पश्चिममा भोजपुर र उदयपुर जिल्ला र दक्षिणमा सुनसरी र मोरङ्ग जिल्लाहरु पर्दछन् । समुद्र सतह भन्दा १२० मिटर देखि २७०२ मिटरको उचाइ सम्म फैलिएको यो जिल्लामा उचाइ अनुसार भिन्न भिन्न (उष्ण, उपोष्ण र शीतोष्ण) हावापानी पाइन्छ । नदीनाला बाहेक जिल्लाको भूवनावट करिब समथर, भिरालो र ज्यादै भिरालो रहेको छ ।
- प्रशासनिक दृष्टिकोणले धनकुटा जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको सदरमुकाम मानिन्छ । यो जिल्लामा २ वटा निर्वाचन क्षेत्र, ११ वटा इलाका, २८ वटा गाविस र २ वटा नगरपालिका रहेका छन् । धनकुटा जिल्ला सदरमुकाम प्रशासनिक केन्द्रको रुपमा रहेको छ । सदरमुकामदेखि यहाँका गाविसहरु १६ कोष सम्मको दूरीमा रहेका छन् । यस जिल्लामा कोशी राजमार्ग क्षेत्रका अतिरिक्त, जिल्लाको पूर्व दक्षिण छ नं. बुधबारे, पश्चित छिन्ताङ्ग, उत्तर तर्फ परेवादिन तथा लेगुवा सम्म नियमित यातायात सेवा छ । यस सडक सञ्जाल भित्र पर्ने गाविसहरु बाहेकका क्षेत्रहरुमा नियमित यातायात नभए पनि सुख्खा मौसममा हरेक गाविस छुनेगरी सडक सञ्जाल अन्तर्गत यातायातका साधनहरु पुग्न सक्दछन् ।

---

[1] सामाजिक परीक्षण कार्यविधि को बुँदा १०.३ सँग सम्वन्धित विवरण । अनुसूची २ बमोजिम ।

- राष्ट्रिय जनगणना २०६८ अनुसार जिल्लामा ३७६३७ घरधुरी रहेको छ । जिल्लाको कूल जनसंख्या १६३४१२ रहेको छ । जसमा महिलाको जनसंख्या ८६८९७ (५३.१८ प्रतिशत) र पुरुषको जनसंख्या ७६५१५ (४६.८२ प्रतिशत) रहेको छ ।
- जातीय आधारमा आदिवासी तथा जनजाती ६०.१ %), क्षेत्री र ब्राह्मण २५.७ % दलित ( ७.१४%) रहेको छ । जिल्लामा वहुजातीय, वहुभाषिक र वहुसांस्कृतिक रहेको छ ।
- शारीरिक अवस्थाको आधारमा अपांगता भएको जनसंख्या ३४४५ (महिला १४०८ र पुरुष २०३७) रहेको छ । जसमध्ये पूर्ण अशक्त अपांगता भएको जनसंख्या १४५ रहेको छ भने आंशिक अपांगता भएको जनसंख्या ७५ रहेको छ । जेष्ठ नागरिकको संख्या ५२९७ रहेको छ जसमा दलित ज्येष्ठ नागरिकको संख्या ८०९ रहेको छ । एकल महिलाको जनसंख्या १८७२ रहेको छ ।
- भाषिक आधारमा मातृभाषा बोल्ने घरसंख्या १८५६७ (१०७९१७ जना) रहेको छ । १४ वर्ष मुनीका बालबालिकाको संख्या ५२१९१ (३१ प्रतिशत) रहेको छ ।
- जिल्लामा सामुदायिक बिद्यालय ३१२, संस्थागत विद्यालय ४० गरी जम्मा ३५२ विद्यालयहरु संचालित छन् । सामुदायिक विद्यालय तर्फका ३१२ वटा विद्यालयहरुमध्ये क्याम्पस ७ वटा, उच्च मा.वि. ३९ वटा, माध्यमिक विद्यालय ३४ वटा, निम्न माध्यमिक विद्यालय ३८ वटा, प्राथमिक विद्यालय २०१ वटा र वाल विकास केन्द्र ३१० वटा रहेका छन्
- संस्थागत तर्फ २ वटा क्याम्पस, उमावि ३ वटा, मा.वि. ९ वटा, निमावि ९ वटा, प्रावि १९ वटा गरी  जम्मा ४० वटा शैक्षिक संस्थाहरु रहेका छन् ।
- सामुदायिक विद्यालय तह १ कक्षा देखि १० कक्षा सम्ममा जम्मा ३३७३५ जना विद्यार्थी रहेका छन् । कक्षा ११ र १२ मा जम्मा २६२३ जना अध्ययनरत छन् ।
- प्राथमिक तहमा १०१९५ छात्रा र १०३१२ जना छात्र गरी जम्मा जम्मा २०५०७ जना विद्यार्थीहरु रहेका छन् । जसमध्ये २०२६ जना दलित, १३६८९ जना जनजाति र ४७९२ जना अन्य विद्यार्थी रहेका छन् । अघिल्लो वर्ष भन्दा प्राथमिक तहमा २२७६ जना विद्यार्थी कम देखिएका छन् ।
- सामुदायिक विद्यालय तर्फ प्राथमिक तहमा ८४४९ छात्रा र ९२१४ छात्र गरी जम्मा १६६६३ विद्यार्थीहरु भर्ना भएका छन् । जसमध्ये १८२३ दलित, ११२२६ जनजाति र ३५७४ जना अन्य रहेका छन् ।
- धनकुटा जिल्ला पूर्ण खुल्ला दिसामुक्त जिल्ला, पूर्ण खोप सुनिश्चित भएको जिल्ला र अनिवार्य तथा आधारभूत शिक्षा सुनिश्चित भएको जिल्लाको रुपमा घोषणा भइसकेको छ ।
- जिशिकाको स्थिति प्रतिवेदन अनुसार जिल्लाको साक्षरता प्रतिशत ८३.९१ प्रतिशत रहेको छ
- जिविसको कार्यालयले दोस्रो आवधिक योजना (२०६९-०७४) निर्माण गरेको छ भने बाँकी वार्षिक योजनाहरु निर्माण गरेको छ ।

- जिविस धनकुटाले आफ्नो दिर्घकालीन सोचको रुपमा ***धनकुटा जिल्लाको समृद्धिः कृषि उत्पादनको अभिवृद्धि, सन्तुलित विकासको आधार, मानव संशाधन र पूर्वाधार*** भन्ने लिएको छ ।
- सरसफाईको दृष्टिले यो जिल्ला सन् २०१४ मा खुल्ला दिसामुक्त जिल्ला र पूर्ण खोप सुनिश्चित भएको जिल्लाको रुपमा घोषणा भइसकेको जिल्ला हो । यसरी नै आ.व. २०७१/०७२ मा धनकुटा जिल्लालाई आधारभूत तथा अनिवार्य प्राथमिक शिक्षा सुनिश्चित भएको जिल्लाको रुपमा घोषणा गरिएको छ ।

## ६.२ स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू

जिल्ला विकास समितिको कार्यालय धनकुटाले विकासका लक्ष्य र प्राथमिकताहरु निम्न अनुसार तय गरेको छ ।

- सहभागितात्मक योजना तर्जुमा र दिगो विकास
- दिगो कृषि प्रणाली
- लैंगिक समानता र सामाजिक न्याय
- संस्थागत विकास
- सामाजिक तथा समावेशी विकास
- ग्रामिण पूर्वाधारको स्तरोन्नती
- सुशासन प्रवर्द्धन
- ग्रामिण क्षेत्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासमा उच्च प्राथमिकता दिंदै पूँजीको निर्माण र परिचालन गर्ने क्रममा ग्रामिण अर्थतन्त्रलाई मजबुत स्वाबलम्बी बनाउने ।
- जिल्ला विकास समितिको कार्यालयले आ.व. २०७१।०७२ का लागि जिल्ला परिषदमा प्रस्तुत जिल्लाको वार्षिक बजेट विवरण (रु.मा)
    - वन तथा वातावरण समिति २१६३६९९००
    - सामाजिक विकास समिति : ९५५१३२०१२
    - आर्थिक विकास समितिः ३८६१३८६२८
    - भौतिक पूर्वाधार विकास समिति : ५१५८८४८२०९
    - संस्थागत श्रोत तथा क्षमता विकास समिति : ०
    - जम्मा : रु. २०४०१७९८१९
    - पूँजीगत तर्फ रु १५६४०२२२३९ (७६.६६ प्रतिशत) र चालु तर्फ रु. ४७६१५७४८० (२३.३४ प्रतिशत) प्रस्ताव गरिएकोछ ।
- जिल्ला विकास समितिले सोही आ.व.का लागि पूँजीगत रु. २२८४४५७०९ (६९.६५ प्रतिशत) र चालु रु. ९९५६२५०० (३०.३५ प्रतिशत) गरी जम्मा रु. ३२८००८२०९ प्रस्ताव गरेको थियो ।

- जिल्ला विकास समितिको आर्थिक वर्ष २०७१/७२ को स्वीकृत बजेट रु. २८८८५८८२७ थियो । जसमध्ये रु. २७२९७८४२५ निकासा तथा खर्च भएको देखिन्छ । विनियोजित बजेटको बाँकी तथा फिर्ता रकम रु. १५८८०४०१ रहेको छ । वित्तिय प्रगति ९४.५० प्रतिशत रहेको छ ।
- सामाजिक सुरक्षा अन्तर्गत (सुरक्षा भत्ता तथा ओषधोपचार खर्च समेत) १७८६३ जनामा रु. ७९५८०६०० वितरण भएको देखिन्छ ।

- सामाजिक विकास समिति तर्फ समग्र बजेटको (४६.८२ प्रतिशत) बजेट रहेको छ । अघिल्लो वर्ष यो समितिको बजेट २३.६७ प्रतिशत देखिएको थियो ।

## ६.३ गतवर्षको मुख्य मुख्य उपलब्धिहरू

आर्थिक वर्ष २०७०/७१ मा जिल्ला विकास समिति धनकुटामा निम्न अनुसारका उपलब्धिहरु देखिएका छन् । देखिएका उपलब्धिहरुलाई सामाजिक सूचकका आधारमा निम्न अनुसार प्रस्तुत गरिएकोछ ।

### ६.३.१ स्वास्थ्य

- ३५ वटै गाविस तथा नगरपालिकामा स्वास्थ्य चौकी र शहरी स्वास्थ्य क्लिनिक संचालन भएको छ । ७५ प्रतिशत घरधुरीमा १ घण्टा भित्र स्वास्थ्य सेवाको पहुँच रहेको छ ।
- ५ वर्ष मुनीका लक्षित १९०३५ (पोलियो थोपाका लागि लक्षित जनसंख्या) जनामध्ये ५९५८ जना ( ३१.३ प्रतिशत) ले वृद्धि अनुगमन गरेको । गत वर्षको भन्दा वृद्धि अनुगमन प्रक्रिया ०.३ प्रतिशतले वृद्धि भएको छ ।
- १९०३५ जना लक्षित वालवालिका मध्ये १८४३६ जना (९९.१ प्रतिशत) ले पोलियो खोप प्राप्त गरेका छन् । १६५३२ जना बालबालिकाले भिटामिन ए र १४८१९ जनाले अल्वेण्डाजोल प्राप्त गरेका ।
- एक वर्ष मुनीका वालवालिकाहरुमध्ये वि.सि.जी. १००, डि.पी.टी. १००, मिजल्स ९९ प्रतिशत ले प्राप्त गरेका छन् । गत वर्ष भन्दा ९.४ र १०.७ प्रतिशतले खोप कभरेजमा वृद्धि भएकोछ ।
- यस आ.व.मा ८ वटा गाविसहरु (फाक्सिब, मौनाबुधुक, राजारानी, भेडेटार, बुढीमोरंग, घोर्लीखर्क र तेलीया) लाई पूर्ण खोप सुनिश्चित भएका गाविसहरुको रुपमा घोषणा गरिएकोछ ।
- सुत्केरी भएका मध्ये चौथो पटक गर्भ जाँच गराउने महिलाहरुको प्रतिशत ५४ प्रतिशतबाट बढेर ६१.४ प्रतिशत पुगेको छ ।
- जम्मा २२७९ जना सुत्केरी भएका मध्ये स्वास्थ्य संस्थामा ( दक्ष स्वास्थ्य कर्मीको सहयोगमा) जिल्ला अस्पतालमा २८८ जना समेत १०२१ जनाले प्रसुती गराएका छन् । आफ्नै घरमा सुत्केरी गराउने १२५८ जनामध्ये ९४१ जनाको सुत्केरी गराउँदा महिला स्वास्थ्य स्वयंसेविकाहरुको उपस्थिति रहेको थियो ।

- गत वर्ष झाडापखालाबाट विरामी हुनेदर प्रति हजारमा ७४८ जना थियो भने यो पटक प्रतिहजार ७३५ जना रहेको छ । गत वर्ष भन्दा यो वर्ष प्रतिहजार १३ जना कम विरामी देखिन्छ । झाडापखालाबाट बच्चाहरुको मृत्यु भएको अभिलेख देखिएको छैन ।
- १५००१६ जनाले स्वास्थ्य सेवा लिएका छन् । जस अनुसार ३४८८८ परिवार (९३.५) प्रतिशत परिवारले स्वास्थ्यकेन्द्रमा गएर सेवा लिएको देखिएको छ ।

### ६.३.२ शिक्षा

- पूर्व प्राथमिक तहमा खुद भर्नादर ३४ प्रतिशत रहेको छ । जसमा छात्रा भर्नादर ३६ रहेको छ
- प्राथमिक विद्यालय उमेर समूहका ९८.६२ प्रतिशत बालबालिकाको पहुँच देखिएको छ भने पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत १.३८ प्रतिशत रहेको छ । गत वर्ष भन्दा ०.८७ प्रतिशतमा पहुँच अभिवृद्धि भएको देखिन्छ ।
- प्राथमिक तहमा हाल खुद भर्नादर ५१.६३ प्रतिशत रहेको छ जसमा छात्रा खुद भर्नादर : ५३.०४ प्रतिशत रहेको छ ।
- कक्षा १ मा दोहोर्‍याउने १९.२६ प्रतिशत, कक्षा छाड्ने १३.७१ प्रतिशत र उत्तिर्ण ६७.०२ प्रतिशत रहेको छ ।
- कक्षा ५ मा कक्षा दोहोर्‍याउने ८.१७ प्रतिशत, छाड्ने ९.०८ प्रतिशत र उत्तिर्ण ८२.७४ प्रतिशत
- प्राथमिक तहमा कार्यरत ७८४ शिक्षकहरु सबैले तालिम प्राप्त गरेका छन् ।
- यो आ.व.मा थप भएका १०४ कक्षा कोठाहरु सहित विद्यालयहरुमा जम्मा ३६२१ कक्षा कोठाहरु छन् । जस अनुसार प्रति कक्षा कोठा विद्यार्थी संख्या १२.७५ जना रहेको छ । १०४ वटा कोठा थप भएको ।
- शिक्षामा दलित बालबालिकाहरुको पहुँचलाई हेर्ने हो भने प्राथमिक तहमा २३२२ जना, नि.मा.वि. तहमा १००० जना, माध्यमिक तहमा ४४३ जना र उच्च मा.वि. तहमा १५९ जना दलित वालवालिकाहरुले छात्रवृति पाइरहेको छन् । वालविकास केन्द्रहरुमा ४६८ जना भर्ना भएका देखिन्छन् ।

### ६.३.३ खानेपानी तथा सरसफाई

- जम्मा जिल्लाको कूल जनसंख्या मध्ये ८०.२ प्रतिशत परिवारमा खानेपानी सेवा पुगेको देखिन्छ ।
- जिविसबाट यो वर्ष संचालित खानेपानी आयोजनाबाट ९२०८ जना (२१४१ परिवार) लाभान्वित भएका छन् ।
- जिल्लाका ८५ प्रतिशत घरपरिवारमा शौचालय सुविधा पुगेको छ । यो वर्ष थप १० वटा गाविसहरु (डाँडाबजार, मुढेबास, राजारानी, मौनाबुधुक, बेलाहारा, महाभारत, भेडेटार, बुढीमोरंग, खोकु र तेलीया) खुल्ला दिसामुक्त घोषणा भएका छन् भने जम्मा १५ गाविसहरु खुल्ला दिसामुक्त घोषणा भइसकेका छन् ।
- कूल ३१३ विद्यालय मध्ये २७५ वटामा खानेपानी सुविधा उपलब्ध छ भने ३८ वटा विद्यालयहरुमा खानेपानी सुविधा नभएको ।

- यस वर्ष निर्माण भएका ११९५ समेत जम्मा १२३८४ परिवारले सुधारिएको चुलो निर्माण गरेको छन् । हालसम्म ८ वटा गाविसहरु घरभित्रको धुवाँमुक्त गाविस घोषित भइसकेका छन् ।

### ६.३.४ बालबालिका, महिला तथा समावेशी क्षेत्र

- ३ वर्ष विचमा १३५० जना २० वर्ष भन्दा कम व्यक्तिहरुको विवाह दर्ता भएको देखिन्छ । उमेरगत रुपमा १३ देखि १८ वर्ष उमेर समूहमा विवाह भएको छ ।
- जिल्लामा यस वर्ष १०६६१ जनालाई रु. ६१४०३९५० सामाजिक सुरक्षा भत्ता वितरण भएको छ । जसमध्ये ज्येष्ठ नागरिकहरु २१७९ महिला र २६४२ पुरुष गरी जम्मा ४८२१ जना, एकल महिला १९८७, असहाय विधवा भत्ता १७२० जना, पूर्ण अशक्त अपांग भत्ता महिला १२०, पुरुष १३९ गरी जम्मा २५९ जना र आंशिक अशक्त महिला २१ र पुरुष १९ जना रहेका छन् ।
- यसै गरी दलित ज्येष्ठ नागरिकहरु ४३७ महिला र ४१० पुरुष गरी जम्मा ८४७ जनाले भत्ता प्राप्त गरेका छन् भने ।
- जिल्ला विकास समितिले सुरक्षा भत्ता पाउने व्यक्तिहरुको नामावली प्रकाशन गरेको ।
- यो वर्ष थप १५० जनाले अपांग परिचय पत्र प्राप्त गरेका छन् ।

### ६.३.५ जनचेतना तथा गरिवी निवारण

- जिल्लामा करिब २५० जति वालश्रमिक रहेको अनुमान गरिएको छ । जसमध्ये नगर क्षेत्रमा करिब सो को ४० प्रतिशत जति रहेका छन् ।
- जिल्लामा गाविस स्तरीय २७ वटा वालक्लब रहेको । नगर क्षेत्रमा ८ वटा क्लब र नगरस्तरीय संजाल रहेको छ । यस वर्ष वाल राहत कोषको बजेट १४३५०० पुगेको छ ।
- यो वर्ष १२८ महिला हिंसाका घटनाहरु जानकारीमा आएका छन् ।
- यो वर्ष जिविस मार्फत विभिन्न योजनाहरुबाट १७३८२ दिन रोजगारी सिर्जना भएको छ ।
- घरेलु तथा साना उद्योग विकास समितिमा यस वर्ष १०९ वटा उद्योगहरु दर्ता भएका छन् । जसबाट रोजगारी ३०१ जनाले रोजगारी प्राप्त गर्नेछन् ।
- १४ जनाले जिविस मार्फत, घरेलु तथा साना उद्योग विकास समिति मार्फत उद्यमी विकास कार्यक्रम मार्फत ७४ जनाले विभिन्न तालिम लिएका छन् भने नयाँ उद्यमी सम्वन्धी १०९ जनाले तालिम प्राप्त गरेका छन् ।
- जिल्लामा दुधको उत्पादन बढाउनका १३६३ उन्नत र ४५९ वटा लोकल गाईहरुमा कृत्रिम गर्भाधान गराइएको छ । ७० जना कृषकहरुले गाइढुवानी सेवा पाएका छन् ।
- १०१७ विपन्न परिवारहरुले विभिन्न संस्था तथा कार्यालयहरु (जिविस, पशु सेवा कार्यालय, भूसंरक्षण कार्यालय, बहुसरोकारवाला वन कार्यक्रम, हुसाडेक समेत) बाट आयमूलक कार्यक्रमका लागि रु. ३५ लाख भन्दा वढी सहयोग प्राप्त गरेका छन् ।
- यस वर्ष ३५७१८९५ लिटर दुध निकासी भएको छ । गत वर्ष ३१७८४०२ लिटर निकासी भएको थियो ।
- जिल्लाका २७ वटा मासु पसलबाट २६६५०० केजी मासु खपत भएको छ । जसको आर्थीक कारोबार रु. ७२९ लाख भएको छ ।

- अघिल्लो वर्षको तुलनामा दुध उत्पादन २ प्रतिशत, मासु २.६६ प्रतिशत र फूल ३.३ प्रतिशतले वृद्धि भएको छ ।
- गत वर्ष पशुपालन तथा घाँस उत्पादन समूह ४२ वटा थिए भने यो पटक ८७ वटा समूह भएका छन् । संलग्न सदस्य संख्या ४५० बाट बढेर ८६० पुगेको छ ।
- वहुसरोकारवाला वन कार्यक्रमबाट विभिन्न स्थानका १२५० विपन्न घरधुरीलाई जीविकोपार्जन सुधार योजना वनाई आयमूलक काम शूरु गरेका छन् ।
- ७०० हेक्टर जमिनमा थप सिंचाई सुविधा पुगेको छ । जसका कारण आय आर्जनमा टेवा पुगेको छ । जिविसबाट ८२२७ रोपनीमा सिंचाई उपलब्ध भएको छ जसबाट १६४६ परिवार लाभान्वित भएका छन् ।
- ३ स्थानमा तरकारी उत्पादन संकलन केन्द्र निर्माण भएको छ जसका कारण कृषी उपज वजारीकरण सहज भएको छ । जसका कारण दैनिक १०० देखी १५० जना रोजगार पाउने देखिएका छन् ।
- जिल्लाका ३५ गाविसहरु र धनकुटा नगरपालिकाका ५ वटा वडाहरुमा सामाजिक परिचालन भइरहेको छ ।
- ४० नागरिक सचेतना केन्द्रहरुमा अति विपन्न ८७५ परिवार संगठित भइरहेका छन् । उक्त केन्द्रमा ५७६ जना महिला र २९९ जना पुरुष रहेका छन् ।
- वस्ती स्तरको नीति निर्माण तहका वडा नागरिक मञ्च ३१५ वटा गठन भएका छन् । उक्त मंचमा सदस्य संख्या ७८७५ जना संगठित छन् । जसमा महिला ३२५१ र पुरुष ४६२४ रहेका छन् ।
- वडा नागरिक मंचबाट २५५५ वटा योजना माग भएकोमा ७६ वटा स्वीकृत भएका छन् ।
- वातावरण सुधारका लागि जिल्ला वन कार्यालय, भू संरक्षण कार्यालयहरुबाट १३० हजार विरुवा उत्पादन र वितरण गरिएको छ भने जिल्लाको विभिन्न स्थानको १९.२५ हेक्टर क्षेत्रमा बृक्षारोपण भएको छ ।
- तीन स्थानमा तालतलैयाको संरक्षण भएको । ११ स्थानमा पानी मुहानको संरक्षण भएको छ
- २५० गोठ सुधार गरिएको जस अनुसार २५० किसानहरु आर्गनिक खेतीमा आकर्षित भएको
- वायो इन्जिनियरिंग विधिबाट ४ कि.मि. खोला किनारा संरक्षण र ३ कि.मि. सडक संरक्षण भएको छ ।
- १७८ जोखिम र विपन्न घरधुरीलाई सोलार प्राप्त गरेका छन् ।
- जिल्लामा एच आई भि संक्रमित संख्या ११ जनाले उपचार लिइरहेका छन् ।
- १०७४३ जनाको सहभागिता विश्लेषण गर्दा ४९८७ जना (४६.४२ प्रतिशत) महिलाको सहभागिता देखिन्छ । वडा नागरिक मंचमा महिला सहभागिता ४१ प्रतिशत देखिन्छ ।

### ६.३.६ सेवाहरूमा पहुँच

- यस वर्ष मर्मत भएका सडकहरुबाट प्रत्यक्षत: ८४४२४ जना लाभान्वित भएका छन् । जसका कारण सेवाकेन्द्रहरुमा पहुँच विस्तारमा सहयोग पुगेको छ ।
- कृषि सेवाकेन्द्रहरुको संख्या ६ वटा, पशु सेवा केन्द्रहरु ११ वटा रहेका छन् ।
- लक्षित समूहहरु केन्द्रित कार्यक्रमहरुबाट लाभान्वित भएका हरुमा आदिवासी जनजाती उत्थान कार्यक्रम अन्तर्गत जम्मा प्रत्यक्ष ३७० जना लाभान्वित भएका छन् ।
- अपांग समन्वय समिति अन्तर्गत भएका क्रियाकलापबाट २० जना नेत्रहिनहरुले र स्टाइलस छडि प्रयोग गरेका छन् । सहायक सामग्री आवश्यकता प्रयोग सम्वन्धी सचेतना शिवीरबाट १०५ जना लाभान्वित भएका छन् ।
- दलित विकास तर्फको खर्चबाट ३ वटा तालिम मार्फत ३० जनाले लाभ लिएका छन् । १ जनाले विज्ञान संकाय अध्ययनका लागि रु १० हजार छात्रवृति प्राप्त गरेका छन् ।
- अदुवाको जुस १० जना, व्युटीपार्लर ४, सिलाई पुनर्ताजगी), वर्थींग सेन्टर निर्माण, भवन निर्माण तथा मर्मत ३ वटा संचालन भएका छन् ।
- महिलासँग सम्वन्धित कार्यक्रमहरुबाट जम्मा ७५८ जना लाभान्वित भएका देखिन्छन् ।
- ग्रामिण क्षेत्रमा रहेका ४३१ जना महिलाको आंग खस्ने स्वास्थ्य परीक्षण गरिएकोछ भने २९ जनाको पाठेघरको अप्रेसनमा सहयोग पुगेको छ ।
- वाल लक्षित कार्यक्रमबाट वाल पार्श्वचित्र निर्माण भएको छ भने २ वटा वालगृह संचालन गर्न आंशिक सहयोग पुगेको छ ।
- जिविस अन्तर्गत संचालित लक्षित कार्यक्रमहरु अन्तर्गत : दलितवर्ग उत्थान कार्यक्रम १०७ महिला र १२७ पुरुष गरी जम्मा २३४ जना, आदिवासी जनजाति कार्यक्रम २५७ महिला र ११७ पुरुष गरी ३७४ जना, अपाङ्ग सहयोग कार्यक्रम ४० महिला र ६५ पुरुष, गरी जम्मा १०५ जना, महिला विकास कार्यक्रम ५१० महिला र २४८ पुरुष गरी जम्मा ७५८ जना, जेष्ठ नागरिक कार्यक्रम, ३४ महिला र २८ पुरुष, गरी जम्मा ६२ जना, वाल विकास कार्यक्रम १६६ महिला र १९६ पुरुष गरी जम्मा ३६२ जना लाभान्वित भएका छन्
- लक्षित समूह विकास कार्यक्रम बाट १११० महिला र ७८१ गरी जम्मा १८९१ जना लाभान्वित भएका ।
- जिल्ला शिक्षा कार्यालयबाट आधारभूत तहमा दलित छात्रवृति २९३९ जना, सीमान्तकृत समुदायका लागि २६ जनालाई छात्रवृति र अपांगता भएका २३ जनालाई छात्रवृति प्राप्त गरेका छन् ।

### ६.३.७ संस्थागत क्षमता

- जिविस कर्मचारी , समुदाय र सस्थागत क्षमता विकासकार्य बाट जम्मा ६१७ महिला र १०१३ जना पुरुष गरी जम्मा १६३० जना लाभान्वित भएका छन् ।
- जिविसको कार्यालय नेपालका सबै जिविसहरु मध्ये न्यूनतम् शर्त तथा कार्यसम्पादन मूल्यांकनमा ८४ अंक प्राप्त गरी प्रथम हुन सफल भएको छ ।
- जिविस सँग २७ वटा कोठा भएका भवन ३ वटा भवन छन् भने १ वटा सभाहल प्रयोगमा आएको छ ।

## ६.४ यसवर्षको मुख्य मुख्य सामाजिक उपलब्धिहरू

आर्थिक वर्ष २०७१।०७२ मा जिल्लामा भए गरेका क्रियाकलापहरुबाट निम्न अनुसार सामाजिक उपलब्धिहरु देखिएका छन् ।

### ६.४.१ स्वास्थ्य क्षेत्र

- हरेक गाविसहरुमा यातायात सेवाको विस्तार, वडा स्तरसम्म खोप सेवाका कारण ७५ प्रतिशत घरधुरीमा १ घण्टा भित्र स्वास्थ्य सेवाको पहुँच रहेको छ ।
- जिल्लाको जनसंख्या १६३३९३ मध्ये ५ वर्ष मुनीका वालवालिका १६४९९ (१० प्रतिशत । ) रहेको छ । जसमध्ये पहिलो राउण्ड : १५२७७ (१११ प्रतिशत) र दोस्रो राउण्ड १४४९६ (९८ प्रतिशत) जना बालबालिकाहरुले भिटामिन ए प्राप्त गरेका छन् । १३४५१ (११५ प्रतिशत) जनाले अल्वेण्डाजोल प्राप्त गरेका छन् ।
- २०७१ साल पौष ३० गते पूर्ण खोप सुनिश्चित भएको पूर्वाञ्चलको पहिलो जिल्लाको रुपमा घोषणा भएको छ । जिल्लामा रहेका १२ देखि २४ महिना सम्मका सबै बालबालिकामा खोप सुनिश्चित भएको छ ।
- १ वर्ष मुनीका बालबालिकाहरु (३५७२ जना) विसिजी ८९ प्रतिशत पेन्टाभेलेन्ट (पोलियो, डि.पी.टी., टि.टी. ८८.८ प्रतिशत र एम आर ८८ प्रतिशतले प्राप्त गरेका छन् ।
- नियमित रुपमा चौथो पटक (चौथो, छैटौं, आठौं र नवौं) गर्भ जाँच गराउने ४८.९ प्रतिशत पुगेको छ ।
- लक्षित ४२७९ गर्भवती महिलाहरु मध्ये प्रथम चौथो महिनामा गर्भवती जाँच गराउने महिलाहरु ६४ प्रतिशत पुगेको छ । गर्भवती समयभरीमा एक पटक आउनेसंख्या ९१.३ प्रतिशत छ ।
- जिल्लामा ७ वटा सुत्केरी सेवा केन्द्र वृद्धि भई १९ वटा बर्थींग सेन्टर सुचारु भएको छ । गत वर्ष ४२८ जना सुत्केरी गराउने महिलाहरुलाई यातायात खर्च उपलब्ध गराइएको छ ।
- २१८ जनालाई उत्प्रेरणा सेवा (४ पटक नियमित जचाउनेहरुले १४ सयका दरले) लाई उपलब्ध गराएको ।) दक्ष प्रसुतीकर्मीबाट स्वास्थ्य संस्थामा प्रसुती गरिएका महिलाको दर १७.७ प्रतिशत रहेको देखिन्छ ।
- गत वर्ष झाडापखालाबाट ५ वर्ष मुनी विरामी हुनेदर प्रति हजारमा ५३० रहेको देखिन्छ । जसमध्ये ५.२ प्रतिशतमा केही जल वियोजन भएको देखिएको । झाडापखालाबाट बच्चाहरुको मृत्यु भएको अभिलेख देखिएको छैन ।
- १५२९९०जना अर्थात जनसंख्याको करिब ९२ प्रतिशत जनसंख्याले स्वास्थ्य चौकीबाट सेवा लिएको देखिन्छ ।
- १७ वटा उपस्वास्थ्य चौकीहरुको स्तरोन्नती भई हाल ३५ वटा स्वास्थ्य चौकीहरु, २ वटा प्राथमिक स्वास्थ्य केन्द्र, १ वटा जिल्ला अस्पतालबाट सेवा प्रदान भइरहेको छ । दुइ वटा शहरी स्वास्थ्य क्लिनिक धनपामा र मुलघाटमा सामुदायिक स्वास्थ्य सेवा केन्द्र संचालन भइरहेको छ ।
- १ वटा अञ्चल आयुर्वेद औषधालय र १ वटा आयुर्वेद औषधालयबाट सेवा प्रवाह भइरहेको छ । आयुर्वेद अस्पतालबाट समेत १०७७० जनाले सेवा लिइरहेका छन् । ज्येष्ठ नागरिक सेवा र गाउँघर क्लिनिक, स्वेदन जस्ता नियमित सेवाहरु उपलब्ध भइरहेका छन् ।

### ६.४.२ शिक्षा क्षेत्र

- पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर ३४ प्रतिशत रहेको छ । छात्रा भर्नादर ३६ रहेको छ ।
- आधा घण्टा भित्र सबै बालबालिकाको विद्यालयमा पहुँच सुनिश्चित भएको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित भएको जिल्लाको रुपमा धनकुटा जिल्लालाई घोषणा गरिएको छ ।
- प्राथमिक तहमा हाल खुद भर्नादर ५१.६३ प्रतिशत रहेको छ जसमा छात्रा खुद भर्नादर : ५३.०४ प्रतिशत रहेको छ ।
- कक्षा १ मा दोहोर्‍याउने १९.२६ प्रतिशत, कक्षा छाड्ने १३.७१ प्रतिशत र उत्तिर्ण ६७.०२ प्रतिशत रहेको छ ।
- कक्षा ५ मा कक्षा दोहोर्‍याउने ८.१७ प्रतिशत, छाड्ने ९.०८ प्रतिशत र उत्तिर्ण ८२.७४ प्रतिशत
- प्राथमिक तहका २४३ जना शिक्षकहरुले तालिम प्राप्त गरेका छन् । जसमध्ये १४३ जनाले पेशागत विकास मोड्युल र बाँकीले अंग्रजी भाषा शिक्षण तालिम प्राप्त गरेका छन् ।
- सामुदायिक विद्यालयहरुमा हाल ३६६१ कक्षा कोठा रहेका । कूल विद्यार्थीको तुलनामा प्रति कक्षा कोठा विद्यार्थी १० जना पर्दछन् ।
- वाह्य सहयोगमा २ वटा विद्यालय भवन निर्माण सम्पन्न भएका र ८ वटा क्रमागत योजनाको रुपमा निर्माणाधिन अवस्थामा रहेका छन् ।
- दलित वालवालिकाको शिक्षामा पहुँचको अवस्था हेर्दा ३१० वटा वालविकास केन्द्रमा ३५६ र संस्थागत विद्यालयमा १६७ भर्ना भएका ।
- सामुदायिक विद्यालयमा ३१८६ जना (८.७६ प्रतिशत) रहेको छ । संस्थागत तर्फ २८४ जना ( ४.८) प्रतिशत रहेको छ ।

### ६.४.३ खानेपानी तथा सरसफाई

- जम्मा ८३.२९ प्रतिशत परिवार (अघिल्लो वर्ष भन्दा ३.०९ प्रतिशत वढी जनसंख्या) मा स्वच्छ खानेपानी सेवा पुगेको छ । यो वर्ष जिविस मार्फत ४०७८ र खानेपानी कार्यालयबाट ५४०८ जनसंख्या गरी जम्मा ९४८६ जना लाभान्वित भएको देखिन्छ ।
- जिल्लाका १०० प्रतिशत परिवारमा शौचालय सुविधा पुगेको छ ।
- वि.सं. २०७१ साल पौष ३० गते धनकुटा जिल्लालाई खुल्ला दिसामुक्त जिल्ला घोषणा गरिएको छ ।
- जिल्लामा रहेका कूल ३१२ सामुदायिक विद्यालयहरुमध्ये खानेपानी उपलब्ध विद्यालय संख्या २७५ वटा छन् ।
- जिल्लाका ८४२२ परिवारमा सुधारिएको चुल्हो निर्माण गरिएकोछ । सुधारिएको चुल्हो निर्माणबाट ५८१ दलित (६.९१ प्रतिशत), ५६५० (६७.०७) जनजाती र अन्य २१९१ (२६.०२) प्रतिशत ) परिवार लाभान्वित भएका छन् । तीन वटा गाविसहरु घरभित्रको धुवाँमुक्त गाविसको रुपमा घोषित भएका छन् ।

### ६.४.४ बालबालिका, महिला तथा समावेशी क्षेत्र

- ३ वर्ष विचमा १३५० जना २० वर्ष भन्दा कम व्यक्तिहरुको विवाह दर्ता भएको देखिन्छ । उमेरगत रुपमा १३ देखि १८ वर्ष उमेर समूहमा विवाह भएको छ ।
- सामाजिक सुरक्षा अन्तर्गत जिल्लामा जम्मा ११६७९ जनामा रु. ६६४०१८०० वितरण गरिएको ।
- ३१५४ महिला र २९०९ पुरुष गरी जम्मा ६०६३ जनाले ज्येष्ठ नागरिकहरुले रु. ३५५५४००० भत्ता प्राप्त गरेको ।
- एकल महिला ५७ जनाले रु. ३३०००० र २८६४ जनाले रु. १७१५२००० प्राप्त गरेका छन्
- पूर्ण अशक्त अपांग भत्ता महिला १५८, पुरुष १८७ गरी जम्मा ३४५ जनाले रु. ४०९२००० र आंशिक अशक्त महिला २२८ र पुरुष ३२७ गरी जम्मा ५५५ जनाले रु. १९७७६०० प्राप्त गरेको ।
- दलित ज्येष्ठ नागरिकहरु ४६८ महिला र ४२८ पुरुष गरी जम्मा ८९६ जनाले रु. ५३५०००० भत्ता प्राप्त गरेको ।
- दलित वालवालिकाहरुमा ४३८ जना वालिका र ४६१ जना वालकहरु गरी जम्मा ८९९ जना वालवालिकाले रु. १९४६२०० भत्ता प्राप्त गरेको ।
- दलित समुदाय वालवालिकाहरु कक्षा १ देखि ८ सम्मका २४८४ जना र माध्यमिक तहका ३१२ जना गरि जम्मा २७९६ लाई छात्रवृतिको व्यवस्था गरिएको छ ।
- दिवा खाजा कार्यक्रमबाट २३८ जना वालवालिका लाभान्वित भएका
- प्रा.वि. १३७४३, नि.मा.वि. ९२६१ र मा.वि. ४७७८ जना विद्यार्थीहरुलाई पाठ्यपुस्तक उपलब्ध गराइएको देखिन्छ ।
- कक्षा १ देखि ८ सम्मका सबै छात्राहरु १०९६८ जना र कक्षा १ देखि ८ सम्मका ४४० जना अपांगता भएकालाई छात्रवृती उपलब्ध भएको देखिन्छ ।
- आधारभूत तहका लक्षित समूहका २०३ जना छात्र छात्राहरुले छात्रवृति प्राप्त गरेको देखिन्छ।

### ६.४.५ जनचेतना तथा गरिवी निवारण

- वालश्रमः जिल्लामा करिब २५० जति वालश्रमिक रहेको अनुमान गरिएको छ । जसमध्ये नगर क्षेत्रमा करिब सो को ४० प्रतिशत जति रहेका छन् ।
- वालक्लब : जिल्लामा गत वर्ष भन्दा १६ वटाले वृद्धि भई हाल गाविस स्तरीय ४३ वटा वालक्लब रहेका छन् । यो वर्ष नगर क्षेत्रमा ७ वटाले वृद्धि भई १५ वटा क्लब र नगरस्तरीय संजाल रहेको छ ।
- महिला हिंसा : यो वर्ष १२७ महिला हिंसाका घटनाहरु जानकारीमा आएका छन् । ६० जनाले परामर्श तथा सुरक्षित आवास सेवा प्राप्त गरेका ।

रोजगारी :

- यो वर्ष जिविस मार्फत विभिन्न योजनाहरुबाट ३३४०३ दिन रोजगारी सिर्जना भएको छ । रोजगारी सम्बन्धी थप २ वटा कार्यालयहरुमा अभिलेखिकरण शुरु भएको देखिन्छ ।
- उद्योग तथा व्यवसाय अन्तर्गत यो वर्ष २४८ वटा उद्योगहरु (गत वर्ष १०९) र पशुपालनका लागि ८३ वटा फर्महरु दर्ता भएका छन् । उद्योगबाट ९५ महिला (२१.३ प्रतिशत) र ३५१ पुरुष गरी जम्मा ४४६ जना (गत वर्ष ३०१) ले जनाले रोजगारी प्राप्त गरेका छन् ।
- १८ जनाले सिलाइ पेशाका लागि (९ जनालाई जिविसको कार्यालय मार्फत र ९ जनालाई घरेलु मार्फत छुटमा) सिलाई मेशीनबाट रोजगारी प्राप्त गरेका छन् ।

**स्वरोजगार प्रयास :**

- यो वर्ष जिल्लामा ४६० जना (३५४ जना महिला ७६.९६ प्रतिशत) ले स्वरोजगारको अवसर प्राप्त गरेका छन् ।
- जसअनुसार : ३७ (२१ महिला) जनाले जिविस मार्फत सीपमूलक तालिम, उद्यमशीलता र रोजगारी सम्बन्धी तालिम प्राप्त गरेका छन् । ७७ जना (३४ महिला) ले लोकसेवा तयारी कक्षामा सहभागी हुने अवसर प्राप्त गरेका छन् । ११ जना जनजाती महिलाहरुले सिलाई कटाइ तालिम प्राप्त गरेका छन् । ९ जना अपांगता भएका महिलाले मैनवत्ती बनाउने तालिम लिएका छन् । २१ जना महिलाले ७ दिने च्याउ खेती सम्बन्धी तालिम प्राप्त गरेका छन् ।
- ३० जना दलित महिलाले अगरवत्ती बनाउने तालिम प्राप्त गरेका छन् । अपांगता भएका ११ जना (३ जना पुरुष र ८ जना महिला) ले अगरबत्ती बनाउने तालिम प्राप्त गरेका छन् । २५ जना (१६ महिला) दलित, १०२ जनजाती (८९ महिला) र ७ अन्य (५ महिला) गरी जम्मा १३४ जनाले उद्यमशीलता सम्बन्धी तालिम प्राप्त गरेका छन् । १६ दलित (१४ महिला), ९३ जनजाती (८० महिला) र ५ अन्य (४ महिला) गरी जम्मा ११४ जनाले विभिन्न १२ वटा सीप विकास तालिम प्राप्त गरेका छन् ।
- १६ जना उद्यमीहरु (१२ महिला) लाई नयाँ प्रविधि हस्तान्तरण गरिएको छ ।

**गरिवी निवारणका प्रयासहरु :**

- गरिवी निवारणका प्रयासहरुबाट १५८२ विपन्न परिवार प्रत्यक्षतः लाभान्वित भएको देखिन्छ
- जसमध्ये : ५० घरधुरीका विपन्न वर्गको लागि आयमूलक कार्यक्रम, अदुवाको र तरकारीको वीउ विजन वितरण गरिएको । जसबाट १८४ महिला र १७६ पुरुष लाभान्वित भएको ।
- गत आ.व. मा १० गाविसका गरिब र विपन्न समुदायका जम्मा १०१ पुरुष र २४१ जना ३४१ जना जीविकोपार्जन सुधार योजना बाट लाभ लिइरहेका छन् । १२३१ विपन्न घरधुरी गैह्रकाष्ठ पैदावार खेती सहयोग गरिएको छ ।
- जिल्लामा जि.वि.स. मार्फत २४४ हेक्टर थप जमिन (५१८९ जना लाभान्वित), ५५ योजना मार्फत ९५० हेक्टर जमिन गरी जम्मा ११९४ हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध भएको छ ।
- नश्ल सुधारका लागि ३२४५ वटा पशुलाई कृत्रिम गर्भाधान गराइएको छ ।
- गाइ र भैंसी समेत दुध १२४०८ मे.ट. उत्पादन भएको यो गत वर्ष भन्दा ३.८ प्रतिशतले वृद्धि भएको । दैनिक १५,७०० लिटर दुध विक्रीबाट रु. ५ लाख ४९ हजार आम्दानी हुने गरेको ।
- मासु (राँगा, खसी, सुँगुर र कुखुरा समेत) २९५९ मे.ट. उत्पादन भएको गत वर्ष भन्दा १.४ प्रतिशतले वृद्धि भएको । फूल ४९७३ हजार उत्पादन तथा खपत (१.६ प्रतिशतले वृद्धि), छाला ४८२६६ वर्ग फीट (१.९ प्रतिशत वढी), दुग्धजन्य उत्पादन घीउ ७.१ प्रतिशत, छुर्पी, ५.३ प्रतिशत, पनिर १६ प्रतिशत र ललीपप ८ प्रतिशतले समेत वृद्धि भएको देखिन्छ ।
- १ वटा कृषि संकलन केन्द्र स्थापना भएको ।

**सामाजिक परिचालन**

- सामाजिक परिचालन समन्वय समितिले ४ वटा संस्थाहरुलाई सेवा प्रदायकको रुपमा चयन गरेको छ । २८ गाविसहरुमा सामाजिक परिचालन कार्यक्रम भइरहेको छ ।
- सामाजिक परिचालकहरु २८ जना (११ महिला) रहेका छन् ।
- २८ वटा नागरिक सचेतना केन्द्रमा ७८५ जना संगठित रहेका । २३० पुरुष र ५५५ जना महिला रहेका छन् । जसमध्ये दलित १५८ जना, जनजाती ५६७ जना र अन्य ६२ जना रहेका छन् ।
- २५२ वटा वडा नागरिक मञ्चहरु पुनर्गठन भएका छन् । जसमा ६१३६ महिला २८०३ र पुरुष ३३३३ सहभागी भएका देखिन्छन् ।
- वडा नागरिक मञ्चले गाविसमा २९३१ योजना सिफारिस गरेका थिए जसमा ७३१ वटा (२४.९४ प्रतिशत) योजनाहरु परिसदबाट स्वीकृत भएका देखिन्छन् । जसबाट समुदायले रु. २५९१८००० बजेट रकम प्राप्त गरेको छ ।
- सामाजिक परिचालन अन्तर्गत १०४ वटा भौतिक पूर्वाधार योजनाहरु सम्पन्न भएका छन् । जसबाट गरिव तथा विपन्न समुदायका १२४७२ जना (महिला ६५४५) लाभान्वित भएका छन् ।

**वातावरण सुधारः**

- जलवायु परिवर्तन न्युनिकरण गर्न तथा वनको हैसियतमा सुधार ल्याउन विभिन्न स्थानको १० हेक्टर क्षेत्रमा बृक्षारोपण भएको छ ।
- जिल्ला वन कार्यालय र भूसंरक्षण कार्यालय समेतबाट ६० हजार काठ प्रजाती, गैरकाष्ठ तथा जडिवुटी १० हजार र सामुदायिक वन मार्फत ३१ हजार र भू संरक्षण कार्यालयबाट ५० हजार फलफूल तथा जडिबुटीका विरुवा उत्पादन गरी १२ वटा समूहमा वितरण समेत जम्मा १५१ हजार विरुवा उत्पादन गरी वितरण गरिएको छ ।

- विशेष कृषि कार्यक्रम अन्तर्गत २५० वटा भकारो सुधार गरिएको १२०० जना लाभान्वित भएका देखिन्छन् ।
- सामुदायिक वनहरुमा जलवायू अनुकुलन योजना निर्माण र कार्यान्वयन गरिएको छ ।
- १० वटा पहिरो रोकथाम, १० स्थानमा पानी मुहान संरक्षण, २ स्थानमा पोखरी संरक्षण, १० हेक्टर जमिनमा कृषि वन मैत्री खेतवारी संरक्षण, ३ कि.मी. सडक पाखा र ३ कि.मी. सिंचाई कुलो संरक्षण भएको छ ।
- ४४ जनालाई वातावरण संरक्षण तथा अनुकूलन तालिम प्राप्त गरेका छन् ।

**एचआईभि एड्स :**

- जिल्लामा एच आई भि संक्रमित संख्या १२ जनाले उपचार लिइरहेका छन् । यस वर्ष १ जना थप भएको देखिन्छ ।

**विकासमा समान सहभागिता**

- उपभोक्ता समितिहरुमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता भएको छ । जसमा प्रमुख निर्णायक पदमा कम्तिमा दुई जना महिला सहभागिता व्यवस्थित गरिएको छ । जिल्लामा दर्ता भएका जल उपभोक्ता संस्थाहरुको विश्लेषण गर्दा २४२ वटा मध्ये दर्ता गर्ने अध्यक्ष वा प्रमुख महिलाको संख्या १ जना मात्र अर्थात (०.४१ प्रतिशत) मात्र देखिन्छ । यसले के देखाउँछ भने मुख्य पदाधिकारीमा महिला संख्या ३३ प्रतिशत भए पनि अध्यक्ष पदमा महिलाको संख्या बढाउन प्रयत्न गर्नुपर्ने देखिन्छ ।
- जिल्ला विकास समितिबाट संचालित विभिन्न कार्यक्रमहरुको लाभग्राहीहरुको सहभागितामा महिला सहभागिता ५२.७९ प्रतिशत रहेको छ । जम्मा सहभागी ३३४८८ मध्ये १७६८० र पुरुष सहभागिता १५८०८ रहेको छ ।
- नागरिक सचेतना केन्दहरु २८ वटा रहेका छन् । जसमा ५४७ महिला र २१२ पुरुष गरी जम्मा ७५९ जनाको सहभागिता रहेको छ । जसमा महिला सहभागिता ७२ प्रतिशत रहेको छ ।
- वडा नागरिक मञ्चमा सहभागी सदस्यहरु जम्मा ६१३६ जना मध्ये महिला २८०३ (४६ प्रतिशत) रहेका छन् । जातीय आधारमा हेर्दा दलित, २४३ महिला र २६१ पुरुष गरी जम्मा ५०४ जना ( ८.२१ प्रतिशत), जनजाती २००४ महिला र २२८३ पुरुष गरी जम्मा ४२८७ (६९.८७ प्रतिशत) र अन्य वर्ग ५५६ महिला र ७८९ पुरुष गरी जम्मा १३४५ जना (२१.९२ प्रतिशत) रहेको देखिन्छ ।
- नयाँ सिर्जीत उद्यमीहरु १९१ जनामध्ये ३४ जना १७.८० प्रतिशत मात्र महिला रहेका छन् भने अपेक्षित रोजगारी ४४६ जनामा (२१.३० प्रतिशत) महिला सहभागिता रहेको देखिन्छ ।
- पशु विकास समूहमा महिला संलग्नता ५८ प्रतिशत देखिएको छ ।

### ६.४.६ सेवाहरुमा पहुँच

**सेवाकेन्द्र पुग्न लाग्ने समय**

- सडक विस्तार तथा स्तरोन्नतीका कारण स्थानीय हाटबजार पुग्न लाग्ने समयमा कमी भएको छ । जिल्लामा ५० वटा जति सडक मर्मत भएका छन् । जसमध्ये १४ कि.मी. सडकको स्तरोन्नती

भएको छ भने ८ वटा झोलुंगे पुल निर्माण भएका छन् । यस वर्ष मर्मत भएका सडकहरुबाट प्रत्यक्षतः १ लाख भन्दा बढी जनसंख्या लाभान्वित भएका छन् ।

- सडक डिभिजन कार्यालय अन्तर्गत विभिन्न १५ वटा सडकहरुको मर्मत तथा स्तरोन्नती गर्ने र २ वटा पुल बनाउने कार्य सम्पन्न भएका छन् ।
- कृषि सेवाकेन्द्रहरुको संख्या ६ वटामात्र रहेकोछ । औषत १ सेवाकेन्द्रको सेवाक्षेत्र ६ वटा गाविस तथा नगरपालिका पर्ने गर्दछ । सेवा केन्द्र नरहेका सबै गाविसका बासिन्दाहरुको पहुँचमा सेवाकेन्द्रहरु नरहेका । पशु सेवा केन्द्र ११ वटा रहेका छन् ।

**भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू :**

- आदिवासी तथा जनजाती जिल्ला समन्वय समितिको गठन भएको । जसले आगामी आ.व. का लागि जम्मा ११ वटा कार्यक्रम प्रस्ताव गरेको छ ।
- जनजाती कार्यक्रम तर्फ १४ वटा कार्यक्रममा रु. ९५० हजार खर्च गरेको छ । जसबाट ४७८ जना लाभान्वित भएका छन् ।
- अपांग समन्वय समिति अन्तर्गत ५ वटा कार्यक्रममा रु. २ लाख खर्च भएको छ । जसबाट जम्मा १०८ जना प्रत्यक्ष लाभान्वित भएका छन् ।
- दलित समन्वय समितिले १५ वटा क्रियाकलाप सम्पन्न गरेको छ । जसबाट २७९ जना लाभान्वित भएका छन् ।
- महिला लक्षित कार्यक्रम अन्तर्गत १७ वटा कार्यक्रमबाट जम्मा ६६२५ जना लाभान्वित भएका छन् ।
- ज्येष्ठ नागरिकसँग सम्वन्धित ६ वटा कार्यक्रम सम्पन्न भएका छन् जसबाट जम्मा १४८ जना लाभान्वित भएका छन् ।
- वालवालिकासँग सम्वन्धित ८ वटा कार्यक्रम सम्पन्न भएका छन् जसबाट ५४५ जना बालबालिकाहरु लाभान्वित भएका छन् ।

आदिवासी जनजाती तर्फ

- सीपमुलक तालिम ३ वटा, खर्च २३९०००, लाभान्वित समुदाय ६४ जना ।(लोकसेवा तयारी कक्षा ३५ जना, धुवाँरहित चुलो प्रशिक्षक १८ जना, सिलाई कटाई तालिम ११ जना ।
- सचेतना तथा क्षमता विकास तालिमहरु ३ वटाः रु. ३४००००, लाभान्वित समुदाय, २२० जना । अन्य निर्माण ६ वटा : लागत : रु. ४५०००० । ग्रामिण सडक १ वटा लागत रु. ५०००० ।

महिला तर्फ

- सचेतना तालिमहरु ७ वटा शिर्षकहरुमा जम्मा ३५ वटा, लाभान्वित जनसंख्या ४२५ जना, लागत रु. ५४९०००
- सीपमुलक तालिम १ वटा, च्याउ खेती तालिम : २१ जना, लागत रु. २१००० । लोकसेवा तयारी कक्षा १ वटा : ८९ जना, लागत रु. ८१००० । स्वास्थ्य उपचार शीविर : २ वटा, लाभान्वित ३३५० जना, लागत रु. २ लाख । खानेपानी योजना २ वटा, लगानी रु. १ लाख । धुवाँरहित चुलो निर्माण २ गाविसमा अनुदान रु. ५०००० । कार्यालय निर्माण तथा सहयोग २ वटा रु. ६९५७० । खेलकुद १ वटा, रु. १६००० ।

दलित तर्फ

- भवन तथा कार्यालय व्यवस्थापन ३ वटा, रु. १९००००, आरन घर २ वटा : रु. ८००००, लाभान्वित २२७ जना, खानेपानी ३ वटा, रु. २१५०००, नौमती बाजा रु. ५००००, सिलाई मेसिन खरिद तथा वितरण ९ वटा, रु. १४६०००, अगरवत्ती बनाउने तालिम ३ वटा रु. १३५०००, लाभान्वित ३० जना ।, गाविसहरुलाई अनुदान : ४ वटा रु. ६०००० ।

वालवालिका सम्बन्धी (८ वटा)

- वाल विकास तथा विद्यालय केन्द्रित (निर्माण, साझेदारी) ५ वटा योजना, लागत रु. ५८०३००, वालमैत्री स्थानीय शासन रणनैतिक योजना तयारी १ वटा रु. २४७२५०, वाल पुनर्स्थापना केन्द्र सञ्चालन रु. ५०००० लाभान्वित ११ जना, वालवालिका क्षमता विकास कार्यक्रम १ वटा, लाभान्वित ७६७ जना, लागत रु. १०००००,

अपांगता भएका प्रत्यक्ष लाभान्वित : १६५ जना

- लागि सीपमूलक २ वटा रु. ७०००० (मैनवत्ती ११ जना, अगरबत्ती १२ जना), सांकेतिक भाषा, १० जना, रु. ३००००, सहायक सामग्री १६ जनालाई रु. ५००००, शीविर १ वटा, ११६ जना लाभान्वित, लागत रु. ५०००० ।

**ज्येष्ठ नागरिक तर्फ**

- ज्येष्ठ नागरिक तर्फ वृद्धाश्रमका ४४ जना समेत जम्मा १९९ जना लाभान्वित भएका देखिन्छन् । जस अनुसार भएका गतिविधिहरुमा निर्माण २ वटा, रु. २०००००, आय आर्जन १ वटा, रु. २५०००, अनुभव आदान प्रदान १ वटा रु. २३०००, आँखा उपचार कार्यक्रम १ वटा रु. २५००० र सम्मान १ वटा रु २०००० खर्च भएको देखिन्छ ।

६.४.७ संस्थागत क्षमता विकास

जनशक्ति

- जनशक्ति विकास अन्तर्गत १० जना कर्मचारी हरुलाई अध्ययन अवलोकन भ्रमणको आयोजना गरिएको छ । जिविसको कार्यालयमा हाल ४ जना महिला सहित ३९ जना कर्मचारीहरु कार्यरत छन् ।

नीति तथा कार्यक्रम

- जिविसले २५ औं जिल्ला परिषदबाट आ.व. २०७१।७२ का लागि २८ वटा निर्णयहरु र ११ वटा नीतिहरु पारित गरेको छ ।

- जिविसको कार्यालय नेपालका सबै जिविसहरु मध्ये न्यूनतम् शर्त तथा कार्यसम्पादन मूल्यांकनमा ८० अंक प्राप्त गरी प्रथम हुन सफल भएको छ ।

- लक्षित समूह अन्तर्गतका समन्वय समितिहरुको निर्णय बाट नै लक्षित समूहको बजेट विनियोजन गर्ने गरिएकोछ ।

- आन्तरिक आय अभिवृद्धि, सार्वजनिक सुनुवाई, लैंगिक परीक्षण, सडकहरुको प्रभाव मूल्यांकन कार्यहरु गरिएको छ। जिविसको कार्यालयले नियमित रुपमा रेडियो कार्यक्रम संचालन गरेको छ।
- लक्षित समूह अन्तर्गतका समन्वय समितिहरुको निर्णय बाट नै लक्षित समूहको बजेट विनियोजन गर्ने गरिएकोछ।

भौतिक सुविधा :

- जिविस सँग कार्यालय भवन २ वटा सभा हल १ वटा र आवास भवन ५ वटा रहेका छन्।
- १४ वटा डेस्कटप, ल्यापटप ७, फोटोकपी मेसिन २, प्रीन्टर, ११, मल्टिमिडिया प्रोजेक्टर १, फ्याक्स १ वटा टेलीफोन ८ वटा, स्क्यानर १, एडिएस एल इन्टरनेट, इमेल सेवा उपलब्ध छ। २ वटा गाडी, ७ मोटरसाइकल छन्।
- यो वर्ष सोलार जडान गरी जिविसको कार्यालयमा सौर्य उर्जा मार्फत विद्युतीय सेवा उपलब्ध छ।

अन्य सामाजिक सम्पादनका क्षेत्रहरु

- जिविसले विभिन्न सामाजिक सम्पादनका क्षेत्रहरुमा आफ्नो समन्वयात्मक र नेतृत्व दायी भूमिका प्रदान गरिरहेको छ। यसको उपलब्धिको रुपमा निम्न अनुसार कार्यहरु रहेका छन्।
- खुल्ला दिसामुक्त  गाविस घोषणा।
- पूर्ण खोप सुनिश्चित भएको जिल्लाको रुपमा धनकुटा जिल्ला पूर्वाञ्चलमा पहिलो हुन सफल भएको छ।
- अनिवार्य र आधारभूत प्राथमिक शिक्षा सुनिश्चित भएको जिल्लाको रुपमा जिल्ला घोषणा भएको छ
- दैवी प्रकोप उद्दार कार्य अन्तर्गत भूकम्प प्रभावित ८३६ परिवार, भूकम्प र चट्यांगबाट मृत्यु हुने ४ परिवार र आगलागी पीडित २ गरी जम्मा ८४२ परिवारलाई राहत वितरण गरिएको छ।
- सामुदायिक विद्यालयका उत्कृष्ट छात्रछात्रा, २ जना, उत्कृष्ट घरेलु उद्योग ६, उपभोक्ता समिति १, पत्रकार ५ र मूर्तिकार १ र कर्मचारी ७ जना (१० महिला र १४ पुरुष) लाई सम्मानित गरेको छ।

## ६.५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत कार्यालयहरुसँगको अन्तरक्रिया, वार्षिक प्रगति समिक्षा र अघिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनहरुको विश्लेषणबाट गरिएको छ।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | २०७१ असार मसान्त सम्मको प्रयास | उपलब्धि |
|---|---|---|---|
| **१ स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | अनुमानित ७५ प्रतिशत घरधूरीमा पहूंच । | • ग्रामिण सडकको मर्मत तथा सम्भारमा जोड<br>• हरेक गाविसमा यातायातका साधन पुग्ने वातावरण निर्माण<br>• वडा स्तरमा खोप कार्यक्रम संचालन तथा गाउँघर क्लिनिक<br>• महिला स्वास्थ्य कार्यकर्ताहरुलाई तालिम । | • ७५ प्रतिशत घरधुरीमा १ घण्टा भित्र स्वास्थ्य सेवाको पहुँच रहेको छ ।<br>• हरेक गाविस स्तरमा यातायातको पहुँच विस्तार ।<br>• वडा स्तरसम्म खोप सेवाको उपलब्धता ।<br>• हरेक गाविसमा तथा केही ठूला गाविसमा २ वटा समेत स्वास्थ्य चौकीको व्यवस्था गरिएको । |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | ५२१४ जनाको वृद्धि अनुगमन गरिएको । | • ५ वर्ष मुनीका बालवालिकाहरुको वृद्धि अनुगमन कार्यलाई निरन्तरता दिइएको छ<br>• भिटामिन ए खुवाउने, जुकाको औषधी खुवाउने अभियानहरु वर्षको २ पटक सम्म संचालन हुने गरेको । | • जिल्लाको जनसंख्या १६३३९३<br>• जसमध्ये ५ वर्ष मुनीका बालवालिका १६४९९<br>• १० प्रतिशत ।<br>• पहिलो राउण्ड : १५२७७ (१११ प्रतिशत)<br>• दोस्रो राउण्ड १४४९६ (९८ प्रतिशत) जना बालबालिकाले भिटामिन<br>• १३४५१ (११५ प्रतिशत) जनाले अल्वेण्डाजोल प्राप्त गरेका । |
| खोपमा पहुँच भएको जनसंख्या | ३४८६ जना | • लक्षित वालवालिका संख्या ३५७२ जना | • २०७१ साल पौष ३० गते पूर्ण खोप सुनिश्चित |

| | | | |
|---|---|---|---|
| ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | वि.सि.जी. १००, डि.पी.टी. १००, मिजल्स ९९ प्रतिशत | • प्रत्येक गाविसमा ३ देखि ५ खोप सेसन र नगरपालिका क्षेत्रभित्र ११ खोप सेसनद्वारा निःशुल्क रुपमा प्रत्येक महिना (विसिजी, पेन्टाभेलेन्ट, एम आर, टि.डि.) खोप उपलब्ध गराइरहेको छ ।<br>• भिटामिन ए सम्वन्धी अभियानहरु संचालन गरिएको । | भएको पूर्वाञ्चलको पहिलो जिल्लाको रुपमा घोषणा भएको ।<br>• विसिजी ८९ प्रतिशत<br>• पेन्टाभेलेन्ट (पोलियो, डि.पी.टी., टि.टी. ८८.८ प्रतिशत<br>• एम आर : ८८ प्रतिशत |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | ४१०२ जना अनुमानित गर्भवतीमा प्रथम पटक ७३ प्रतिशत (६१.६४) प्रतिशत) | • लक्षित जनसंख्या ४२७९ जना अनुमान गरिएको ।<br>• स्वास्थ्य चौकीहरुमा गर्भवती जाँच सेवा उपलब्ध गराइएको ।<br>• हरेक मंगलबार र शुक्रबार जिल्ला अस्पतालमा गर्भवती जाँच गर्ने गरिएको<br>• गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा १७१ जनालाई उपलब्ध गराइएको छ<br>• अनुमानित जीवित जन्म ३६२९ (८४ प्रतिशत) जना । | • प्रथम पटक गर्भवती जाँच गराउने महिला ६४ प्रतिशत पुगेको छ । एक पटक आउनेसंख्या ९१.३ प्रतिशत छ भने तालिका बमोजिम ( चौथो, छैटौं, आठौं र नवौं) महिना अनुसार चौथो महिनामा आउनेहरुको प्रतिशत ६४ रहेको ।<br>• चौथो पटक गर्भ जाँच गराउने ४८.९ प्रतिशत पुगेको छ ।<br>• टि.डि २ प्लस.: ६१ प्रतिशत |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | १०२१ जना<br>१२ वटा केन्द्र | • ७ वटा सुत्केरी सेवा केन्द्र वृद्धि<br>• १९ वटा बर्थींग साइट सुचारु गरिएको । | • ७ वटा सुत्केरी सेवा केन्द्र वृद्धि भई १९ वटा बर्थींग सेन्टर सुचारु भएको ।<br>• ४२८ जना सुत्केरी गराउने महिलाहरुलाई यातायात खर्च उपलब्ध गराएको ।<br>• २१८ जनालाई उत्प्रेरणा सेवा (४ पटक नियमित |

| | | | |
|---|---|---|---|
| | | | जचाउनेहरुले १४ सयका दरले) लाई उपलब्ध गराएको ।)<br>● स्वास्थ्य संस्थामा बच्चा जन्माउने दर १७.७ प्रतिशत रहेको देखिन्छ ।<br>● बाँकी घर वा बाहिर । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | विवरण उपलब्ध हुन सकेको छैन ।<br>प्रति हजारमा ७३५ जना विरामी<br>५ प्रतिशतमा जल वियोजन र ०.१मा कडा जल वियोजन | ● झाडा पखाला सम्वन्धी रोगीहरु र तीनीहरुको उपचारको विश्लेषण गर्ने गरिएको छ ।<br>● उपचारका लागि ओ आर एस, जिंक चक्की वितरण गरिएको छ ।<br>● स्वास्थ्य शिक्षा ।<br>● स्वयंसेविकाहरुले आमा समूहहरुमा छलफल । | ● गत वर्ष झाडापखालाबाट ५ वर्ष मुनी विरामी हुनेदर प्रति हजारमा ५३० रहेको देखिन्छ ।<br>● जसमध्ये ५.२ प्रतिशतमा केही जल वियोजन भएको देखिएको ।<br>● झाडापखालाबाट बच्चाहरुको मृत्यु भएको अभिलेख देखिएको छैन । |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ९३.५ प्रतिशत | ● २ प्राथमिक स्वास्थ्य चौकी, १ वटा अस्पताल र ३५ वटा स्वास्थ्य चौकी रहेको<br>● १७ वटा उपस्वास्थ्य चौकीहरुको स्तरोन्नती गरेको ।<br>● दुई वटा शहरी स्वास्थ्य क्लिनीक (धनपा ८ र धनपा २ मा)<br>● मुलघाटमा सामुदायिक स्वास्थ्य सेवा केन्द्रको स्थापना । | ● १५२९९०जना । जनसंख्याको करिब ९२ प्रतिशत जनसंख्याले स्वास्थ्य चौकीबाट सेवा लिएको ।<br>● १७ वटा उपस्वास्थ्य चौकीहरुको स्तरोन्नती भई हाल ३५ वटा स्वास्थ्य चौकीहरु, २ वटा प्राथमिक स्वास्थ्य केन्द्र, १ वटा जिल्ला अस्पतालबाट सेवा प्रदान भइरहेको छ ।<br>● १ वटा अञ्चल आयुर्वेद औषधालय र १ वटा आयुर्वेद औषधालयबाट सेवा प्रवाह भइरहेको छ । |

| | | | |
|---|---|---|---|
| २ शिक्षा | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | वालविकास केन्द्रहरुको व्यवस्थापन गरिएको । | • ........... | • प्राथमिक विद्यालयमा आधा घण्टा भित्र वालवालिकाको पहुँच भएको । |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ३४ प्रतिशत | • ३१० वटा वालविकास केन्द्रहरुको व्यवस्थापन । सहयोगी शिक्षक हरुलाई तालिम । | • खुद भर्नादर ३४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको भर्नादर सरह देखिएको छ । छात्रा भर्नादर ३६ रहेको छ । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | १.३८ प्रतिशत | • विद्यालय भर्ना अभियान संचालन ।<br>• सचेतना कार्यक्रम संचालन ।<br>• सामाजिक परिचालन | • अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित भएको जिल्लाको रुपमा धनकुटा जिल्लालाई घोषणा गरिएको छ । |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | ५१.६३ प्रतिशत<br>छात्रा ५३.०४ प्रतिशत | • विद्यालय भर्ना अभियान संचालन<br>• अभिभावक भेटघाट कार्यक्रम संचालन गरिएको । | • अघिल्लो वर्षको तुलनामा परिवर्तन नभएको । |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | कक्षा १<br>दोहोर्याउने १९.२६<br>छाड्ने १३.७१<br>उत्तिर्ण ६७.०२<br>कक्षा ५<br>दोहोर्याउने ८.१७<br>छाड्ने ९.०८<br>उत्तिर्ण ८२.७४ | • अभिभावक भेटघाट तथा सामाजिक परिचालन कार्यक्रम संचालन ।<br>• सिकाई व्यवस्थापनका लागि शैक्षिक योजनाहरुको प्रभावकारी कार्यान्वयनमा जोड ।<br>• तथ्यांकको अद्यावधिकता ।<br>• शिक्षक तालिम | कक्षा १<br>• दोहोर्याउने १९.२६ प्रतिशत<br>• छाड्ने १३.७१ प्रतिशत<br>• उत्तिर्ण ६७.०२ प्रतिशत<br>कक्षा ५<br>• दोहोर्याउने ८.१७ प्रतिशत<br>• छाड्ने ९.०८ प्रतिशत<br>• उत्तिर्ण ८२.७४ प्रतिशत |

| | | | |
|---|---|---|---|
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | ७८४ जना | • शिक्षक तालिम उपलब्ध गराइएको छ ।<br>• १४३ जनालाई पेशागत विकास मोड्युल र १०० जनालाई अंग्रेजी विषयको तालिम उपलब्ध गराइएको छ । | • २४३ जना शिक्षकहरुले तालिम लिएको । |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | १२.७५ जना ३६२१ कक्षा कोठा रहेका । | • यो वर्ष ४ वटा विद्यालयहरु वटा मर्मत भएका छन् । ६ वटा क्रमागत योजना सम्पन्न भएका छन् भने थप ४ वटा विद्यालय भवन निर्माण भएका छन् ।<br>• ४० कक्षा कोठा थप भएका । | • हाल ३६६१ कक्षा कोठा रहेका । कूल विद्यार्थीको तुलनामा प्रति कक्षा कोठा विद्यार्थी १० जना पर्दछन् । |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | ३ वटा भवन निर्माणमा सहयोग पुगेको । | • जिल्ला प्राविधिक कार्यालय अन्तर्गत भवन निर्माण कार्य भइरहेकोछ । | • २ वटा भवन निर्माण सम्पन्न भएको ।<br>• ८ वटा क्रमागत योजनाहरु रहेका |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | २४ वटा, भारतीय राजदुताबासको सहयोगमा निर्माण भएको । | • ............... | • ............ |
| दलित बालबालिकाको शिक्षामा पहुँच | प्रावि २३२२, निमावि १००० र माविमा ४४३ जना र उमाविमा १५९ जना रहेको । वालविकास केन्द्रमा ४६८ जना रहेका । | • कक्षा १ देखि ८ सम्मका २४८४ जना र माध्यमिक तहका ३१२ जना गरि जम्मा २७९६ दलित छात्र छात्राहरुलाई छात्रवृतिको व्यवस्था गरिएको छ । | • वालविकास केन्द्रमा ३५६ र संस्थागत विद्यालयमा १६७ भर्ना भएका ।<br>• सामुदायिक विद्यालयमा ३१८६ जना (८.७६ प्रतिशत) रहेको छ ।<br>• संस्थागत तर्फ २८४ जना (४.८) प्रतिशत रहेको छ । |

| | | | |
|---|---|---|---|
| **३ खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ खानेपानी पुगेको परिवार संख्या वा प्रतिशत | ८०.२ प्रतिशत जनसंख्या । | • १५ वटा खानेपानी स्कीम सम्पन्न गरिएको<br>• खानेपानी कार्यालयबाट ६२.५ कि.मी. पाइप, २१ वटा इन्टेक निर्माण, ५४ वटा धारा जडान, १४ वटा पानी पोखरी निर्माण भएको ।<br>• जिविस मार्फत ७ वटा खानेपानी योजनाका लागि ५ वटा इन्टेक निर्माण, ३७५० मीटर पाइप उपलब्ध गराइएको | जम्मा ८३.२९ प्रतिशत परिवार (अघिल्लो वर्ष भन्दा ३.०९ प्रतिशत वढी जनसंख्या) मा खानेपानी सेवा पुगेको छ ।<br>जिविस मार्फत ४०७८ र खानेपानी कार्यालयबाट ५४०८ जनसंख्या गरी जम्मा ९४८६ जना लाभान्वित भएको देखिन्छ । |
| सौचालय भएको परिवार संख्या वा प्रतिशत | ८५ प्रतिशत ।<br>१५ वटा गाविसहरु खुल्ला दीसामुक्त घोषणा भएका । सन् २०१४ मा खुल्ला दिसामुक्त जिल्ला घोषणा गर्ने लक्ष्य | • प्रत्येक गाविसहरुमा गाविस स्तरीय सरसफाई सम्वन्धी समितिहरुको वैठक भइरहेको ।<br>• गैससहरुसँगको सहकार्यमा सामाजिक परिचालन गरिएको । सन् २०१४ सम्ममा जिल्लालाई खुल्ला दिसामुक्त बनाउने अभियानलाई तिब्रता दिइएको ।<br>• सरसफाईको अवस्था र शौचालय प्रयोगको अवस्था अनुगमन गरिएको ।<br>• वडा, गाविस र नगरपालिकालाई क्रमशः घोषणा गरिएको । | • १०० प्रतिशत परिवारमा शौचालय सुविधा पुगेको छ ।<br>• वि.सं. २०७१ साल पौष ३० गते धनकुटा जिल्लालाई खुल्ला दिसामुक्त जिल्ला घोषणा गरिएको छ । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | २७५ वटा विद्यालयहरुमा सुविधा रहेको | • स्थानीय निकाय र विकास साझेदार निकायहरुसंग समन्वय गरी उपलब्ध गराउने प्रयत्न गरिएको । | • विद्यालयमा खानेपानी उपलब्ध विद्यालय संख्या २७५ वटा । कूल ३१२ सामुदायिक विद्यालय मध्ये अझै ३८ वटा विद्यालयहरुमा खानेपानी |

| | | | |
|---|---|---|---|
| | | | सुविधा नभएको । |
| सुधारिएको चुलो भएको परिवार संख्या | ११९८९ परीवारमा सुधारिएको चुलो निर्माण भएको । गत वर्ष ११९५ वटा चुलो निर्माण भएको । ८ वटा गाविसहरु घरभित्रको धुवाँमुक्त घोषणा भएका । | • सामाजिक संस्थाहरुले धुवाँरहित गाविस बनाउनका लागि स्थानीय निकायसँग सहकार्य गरिरहेका । तीन वटा गाविसहरुलाई घरभित्रको धुवाँमुक्त गाविस घोषणा गरिएको । | • जम्मा ८४३२ परिवारमा सुधारिएको चुल्हो निर्माण गरिएकोछ । सल्भ नेपाललले काम गरिरहेका ।<br>• जसमध्ये ५८१ दलित, ५६५० जनजाती र अन्य २१९१ परिवार लाभान्वित भएका ।<br>• तीन वटा गाविसहरु घरभित्रको धुवाँमुक्त गाविसको रुपमा घोषित भएका छन् । |
| **४ बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | ३ वर्ष वीचमा १३५० जनाले २० वर्ष भन्दा कम उमेरमा विवाह गरेको देखिएको । | • वाल विवाह विरुद्ध लैंगिक तथा महिला हिंसासँग जोडेर सचेतनामूलक कार्यक्रमहरु सम्पन्न भएका । | • वालविवाह भएको बारे अघिल्लो वर्षभन्दा फरक तथ्यांक उपलब्ध नभएको । |
| सामाजिक बिकृति, विसंगति | तथ्यांकगत रुपमा नदेखिएको । | • दुर्व्यसन विरुद्ध सचेतना | • जिल्ला स्तरमा दुर्व्यसन नियन्त्रणका लागि सचेतना कार्यक्रमहरु भइरहेका । |
ख. दरवन्दी अनुसार कर्मचारी पदपूति गर्न आवश्यक देखिन्छ ।

ग. बजेटको सिलींग बढाउनु पर्ने ।

घ. कार्यालय भवन, आवास भवन र सेवाकेन्द्र सञ्चालनका लागि भवनहरुको व्यवस्था हुनुपर्ने ।

## ७.६ जिल्ला कृषि विकास कार्यालय

**१. विषयगत कार्यालयको नाम : कृषि विकास कार्यालय, धनकुटा**

**२. लक्ष्य : कृषि उत्पादनको अभिवृद्धी, धनकु जिल्लाको समृद्धी**

**३. मूख्य उद्देश्य :**

क. गरिवी न्यूनिकरणका लागि फलफूल, उन्नत तथा हाईब्रीड वीऊ उपकरण अनुदान तथा निःशुल्क उपलब्ध गराई गरिवी न्यूनिकरण गर्ने ।
ख. कृषिका नयाँ नयाँ प्रविधिको विकास तथा विस्तार गर्ने ।
ग. समूह तथा सहकारीहरुको गठन तथा परिचालन गर्ने ।
घ. प्राविधिक ज्ञान सीप तथा धारणाको विकास गराउने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| क.सं. | संचालित कार्यक्रम / आयोजनाको नाम | वार्षिक बजेट रु. हजारमा | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि प्रसार आयोजना | ३०००० | कृषिका विभिन्न माध्यमबाट प्रविधि प्रसार गर्ने । | • करिब १० हजार घरधुरीका कृषिकहरुको ज्ञान सीप तथा धारणामा परिवर्तन आएको ।<br>• कृषकहरुको खेती प्रविधिमा सहज भएको<br>• उत्पादन तथा उत्पादकत्वमा १० देखि १५ प्रतिशतले वृद्धि भएको ।<br>• समग्र कृषकहरुको कार्यालयप्रति सकारात्मक चासो बढेको । | |
| २ | सहकारी साना सिँचाई तथा मल वीउ ढुवानी कार्यक्रम | ६०२९ | सिँचाई सुविधाको थप विस्तार गरी व्यवसायिक खेती गर्नसहयोग गर्ने । | • ५५ वटा सिँचाई आयोजना सञ्चालन गरी जिल्लामा थप करिब ९५० हेक्टर क्षेत्रफलमा थप सिँचाई सुविधा पुर्‍याएको । जसबबट कृषिजन्य उत्पादनमा करिब १५ प्रतिशतले वृद्धि भएको । | |
| ३ | युवा लक्षित व्यवसायिक तरकारी उत्पादन कार्यक्रम | २६५५ | तरकारी खेतीको माध्यमबाट स्वरोजगार सिर्जना गर्ने । | • ६० जना युवाहरुलाई तरकारी खेतीमा अग्रसर गराई तरकारीको ३० हे. क्षेत्रफल थप विस्तार भई प्रति युवा १२ देखि १५ हजार आम्दानी लिन सफल भएको । | |
| ४ | अलैंची रोग किरा व्यवस्थापन तथा | २०८८ | अलैंची वगान स्थापना तथा | • ५ वटा नीजि नर्सरी स्थापना तथा सहयोग र १० हे. | |

| | | | | | |
|---|---|---|---|---|---|
| | नर्सरी स्थापना | | पुनर्स्थापन गर्ने । | क्षेत्रफलमा अलैंचीको क्षेत्र विस्तार भएको जसको नतिजा ३ देखि ५ वर्षमा आउने । | |
| ५ | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास कार्यक्रम | ६६५ | कृषिजन्य बस्तुको बजारीकरणमा सहजता ल्याउनु | • सहकारीका १३५ जना कृषकहरुको कृषिजन्य बस्तुको बजारिकणमा सहज भई दैनिक ३ देखि ५ जना मानिसहरुको रोजगारी सिर्जना भएको | |
| ६ | वृहत्तर मर्क उत्पादन कार्यक्रम | २०५४ | मर्कको उत्पादन तथा उत्पादकत्वमा वृद्धी गर्ने । | • १७.५ मे.ट. मर्कको उन्नत तथा मूल वीऊ वितरण गरी आगामी आ.व.मा मकैको थप १८ देखि २० मे.ट. खाद्यान्न तथा वीउ मकै उत्पादन हुने | |
| ७ | विशेष कृषि उत्पादन कार्यक्रम | २०२३ | भकारो सुधार गरी प्रांगारिक कृषि उत्पादनको वृद्धी गर्ने | • २५० जना कृषकहरुको भकारो सुधार भई पशु वस्तुको स्वास्थ्य तथा प्रांगारिक कृषि उत्पादनमा ५ देखि १० प्रतिशतले वृद्धी भएको । | |
| ८ | व्यवसायिक किट विकास कार्यक्रम | ४६०० | मौरी पालन र च्याउ खेती व्यवसायको व्यवयिकरण गर्ने । | • मौरी पालन र च्याउ खेती ब्यबसायमा २०र२० जना युवा कृषकहरु लाई सहयोग गरी च्याउको उत्पादन करिब १२ मे.ट. भएको र साथै मौरी पालन ब्यबसाय बाट २ देखि ३ मे.ट. मह उत्पादन भई आय आर्जन तथा रोजगारी सृजना भएको । | |
| ९ | सि.एम.आई.ए.ए स.पी कार्यक्रम | ८६० | खाद्यान्न तथा तरकारीको व्यवाीयकीकरणमा सहयोग । | • यस कार्यक्रम बाट यस आ.ब.मा करिब ६५० जना कृषकहरु लाई ब्यबसायिक खेती तर्फ उन्मुख गराईएको । | |
| १० | दिर्घकालीन कृषि योजना अनुगमन तथा समन्वय कार्यक्रम | ५० | भुकम्प पीडितलाई राहत वितरण | • जिल्लाका १०० भुकम्प पीडित कृषकहरुलाई तरकारी वीऊ विजन वितरण गरी सहयोग गरेको । | |
| ११ | कृषि सूचना तथा सञ्चार कार्यक्रम | ५० | कार्यक्रमको प्रचार प्रसार | • कार्यक्रमको प्रचार प्रसार भई बहुसंख्यक कृषकहरुको कार्यक्रममा चासो बढेको । | |
| | कूल जम्मा | ५१०७४ | | • | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

क. कार्य बिबरण तयार गरिएको
ख. सेवा केन्द्र वाईज कार्यक्रहरु बाडफाँ गर्ने गरिएको ।
ग. कार्यक्रमको सार्बजनिकिकरण गर्ने गरेको ।
घ. मासिक स्टाफ बैठक राख्ने गरिएको ।
ङ. कार्यक्रमको समिक्षा गर्ने गरिएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| सेवा केन्द्र पुग्न लाग्ने समय | सेवा केन्द्रको संख्या कम भएको कारण अधिकांश सेवा केन्द्रहरुको कार्य क्षेत्र ६(८ वटा गा.बि.स. सम्म रहेको । भएता पनि २ वटा सेवा केन्द्रहरु मा अधिकृतको दरबन्दी सृजना गरी बजेट बिनियोजन गरेर काम गरेको । |
| गरिवी निवारण तथा स्वरोजगार कार्यक्रम | तरकारीका उन्त तथा हाइब्रिड विउ अनुदानमा बितरण गरेको मौरी च्याउ खेती ब्यबसायको ब्यबसायिकिकरण गर्नको लागि सहयोग गरेको |
| रोजगारीको अवस्था तथा स्वरोजगार कार्यक्रम | बिदेश जान र बैदेशिक रोजगार बाट फर्केकाहरु लाई पुनह बिदेश जानबाट रोक्नका लागि युवा लक्षित तरकारी खेतीको माध्यमबाट प्रतक्ष तथा परोक्ष गरी ६००(८०० कृषकहरुले रोजगारी पाएका । |
| वातावरण सुधारका लागि भएका प्रयासहरु | बर्षे तथा हिउदे फलफुलका विरुवा बितरण गर्नुका साथै नगदे बाली अलैचीका विजु बिरुवा बितरण गरी बाताबरण संरक्षण तथा आय आर्जनमा सहयोग गरेको । |
| सामाजिक परिचालन | जिल्लामा क्रियाशिल सरकारी तथा गैरसरकारी संस्थाहरुको साझेदारीमा सामाजिक परिचालनका कामहरु गरेको । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

क. समयमै कार्यक्रम तथा अख्तीयारी नआउनु ।
ख. कृषकहरुको माग बमोजिमको कार्यक्रम संचालन गर्नको लागि प्रयाप्त बजेट नआउनु ।
ग. जनशक्तीको कमी ।
घ. सवारी साधानहरुको कमी ।
ङ कृषकहरुको लागि अनुदानका कार्यक्रमहरुको कमी ।
च. सेवा बितरणमा समस्या ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क. कृषकहरुको हित हुने खालका कार्यक्रमहरुको तर्जुमा तथा तयारी गर्नु पर्ने ।
ख. कार्यक्रम तथा अख्तियारी समयमै सम्बन्धित निकायले पठाउनु पर्ने ।
ग. जनशक्तीको उचित ब्यबस्थापन तथा रिक्त दरबन्दी पदपुर्ति गर्नु पर्ने र साथै क्षमता बिकासका तालिम तथा गोष्ठीहरुको अबसर प्रदान गर्नु पर्ने ।
घ. कार्यक्रम तर्जुमाको बेला स्थानिय निकाय देखीनै कृषिका कार्यक्रमहरु लाई सकारात्मक सोचले राखिनु पर्ने ।

## ७.७ क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय

### १. विषयगत कार्यालयको नाम : क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय

२. लक्ष्य

क. स्वच्छ खानेपानी आपूर्ति तथा सरसफाईको प्रवर्द्धन गर्नु ।

३. मूख्य उद्देश्य

क. समुदायमा स्वच्छ खानेपानीको क्षेत्र बढाउने ।

ख. सरसफाईमा सुधार ल्याउन प्राविधिक सहयोग गर्ने ।

ग. भइरहेको खानेपानी योजनाहरुको गुणस्तर सुधार गर्ने तथा नयाँ योजनाहरुको सम्भाव्यता अध्ययन

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| क.स. | संचालित आयोजना/कार्यक्रमको नाम | लक्ष्य | प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| **बजेट उपशिर्षक नं. : ३४७८०२-४ (खानेपानी आयोजनाहरु)** | | | | |
| १ | चुम्वाङ्ग खा.पा.आ | ५।६८ | ५।६८ | १०० |
| २ | भिरगाउँ खा.पा.आ. | १९।६१ | १९।६१ | १०० |
| ३ | खोकु खा.पा.आ.सु.वि. | १६।१६ | १६।१६ | १०० |
| ४ | मुढेवास खा.पा.आ. | २३।४९ | २३।४९ | १०० |
| ५ | परेवादिन खा.पा.आ. | ३८।०३ | ३८।०३ | १०० |
| ६ | मुगा २(४ खा.पा.आ | ४।५७ | ४।५७ | १०० |
| ७ | छिन्तांग खा.पा.आ. | १०।०९ | १०।०९ | १०० |
| ८ | मुर्तिढुंगा खा.पा.आ.सु.वि. | ६।६१ | ६।६१ | १०० |
| ९ | तेलिया तांखुवा खा.पा.आ. | १३।८४ | १३।८४ | १०० |
| १० | कुरुलेतेनुपा खा.पा.आ. | २।२४ | २।२४ | १०० |
| ११ | मौनाबुधुक खा.पा.आ. | १०० | १०० | १०० |
| १२ | वोधे खा.पा.आ. | १०० | १०० | १०० |
| १३ | वेलहारा खा.पा.आ. | ६।३ | ६।३ | १०० |
| १४ | आहाले खा.पा.आ. | ०।८८ | ०।८८ | १०० |
| १५ | डाडाबजार लिफ्ट खा.पा.आ. | १०० | १०० | १०० |
| १६ | खोकु सात्तले खा.पा.आ. | १०० | १०० | १०० |
| १७ | मारेककटहरे खा.पा.आ. | २।९२ | २।९२ | १०० |
| १८ | सम्पन्न खा.पा.आ. मर्मत सुधार | १०० | १०० | १०० |
| १९ | सर्वेक्षण कार्यक्रम | १०० | १०० | १०० |
| **बजेट उपशिर्षक नं. ३४७१६६-४ (वातावरणय सरसफाई कार्यक्रम)** | | | | |
| १ | वातावरणीय सरसफाई कार्यक्रम | १०० | १०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| **बजेट उपशिर्षक नं. ३४७९६८-४ (खानेपानी सेवा नियमन तथा पुनर्स्थापना कार्यक्रम)** | | | | |
| १ | धनकुटा ८,९ खा.पा.आ | २७।४४ | २७।४४ | १०० |
| २ | कुरुलेतेनुपा खा.पा.आ. | २४।३७ | २४।३७ | १०० |
| ३ | छिन्तांगदेवी खा.पा.आ., सान्ने | १२।१९ | १२।१९ | १०० |
| ४ | गोगने खा.पा.आ. | ९।१२ | ९।१२ | १०० |
| ५ | मारेककटहरे खा.पा.आ. मर्मत | ६।०६ | ६।०६ | १०० |
| ६ | पञ्चकन्या खा.पा.आ. मर्मत | ६।१३ | ६।१३ | १०० |
| ७ | मुगा खा.पा.आ. मर्मत | ६।०६ | ६।०६ | १०० |
| ८ | जितपुर खा.पा.आ. | ६।१३ | ६।१३ | १०० |
| ९ | कन्टिनजेन्सि | २।५ | २।५ | १०० |
| **बजेट उपशिर्षक नं. ३४७९६६-४ (दोस्रा साना शहरी खानेपानी तथा सरसफाई आयोजना)** | | | | |
| १ | धनकुटा दोश्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना | २५।४९ | २५।४९ | १०० |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. लागत अनुमानको १ प्रतिशत रकम उपभोक्ता समितिबाट चक्रकोषमा जम्मा गर्ने । ( योजना निर्माण तथा संचालनमा दिगोपना सुनिश्चित गर्दछ)

ख. विकास निर्माण कार्यमा उपभोक्ता समितिबाट कम्तिमा २० प्रतिशत योगदान गर्ने । ( यसले उपभोक्तालाई आयोजनामा अपनत्व बढाउदछ)

ग. उपभोक्ता समितिको बैठकको निर्णय पश्चात मात्र भुक्तानी दिने परिपाटी बसाइएको ।

घ) खुला दिसामुक्त अभियानमा गै.स.स.हरुलाई सचेतना कार्यक्रमको जिम्मा दिइएको ।

ङ) सरसफाई कार्यक्रममा सरकारी निकाय, स्थानीय निकाय, गै.स.स., नागरिक समाज, सञ्चार क्षेत्र लगायतको समन्वय र सहकार्यमा जोड दिइएको ।

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| सरसफाई शौचालय समेत | - ३३७९६ घरधुरीमा शौचालय व्यवस्था भएको<br>- यस आ.व.मा १५ गा.वि.स. र २ न.पा. खुला दिसामुक्त घोषणा<br>- खुला दिसामुक्त जिल्ला घोषणा भइसकेको<br>- यस आ.व.मा ५५४१ घरधुरीमा शौचालय बनेको<br>- |
| स्वच्छ खानेपानी आपूर्ति | समग्र जनसंख्याको ८३.३१ प्रतिशत कभरेज देखिएको |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. नेपाल सरकारको लक्ष बमोजिम शत् प्रतिशत घरधुरीमा खानेपानी पुऱ्याउने लक्ष बमोजिम जिल्ला स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिबाट रणनीति तयार गर्न नसकिएको ।

ख. खानेपानीका श्रोतहरु सुक्दै जानु, संचालन भइरहेका आयोजनाहरुका पनि केही श्रोतहरु सुक्नु ।

ग. संचालनमा रहेका आयोजनाहरुमा मुहान विवाद ।

घ. तथ्यांक अद्यावधिकमा समस्या, गा.वि.स.बाट बाँडिएका पाइपबाट पानी खानेहरुको तथ्यांकमा एन एम आइ पी को सफ्टवेरमा समस्या

ङ) खानेपानी आयोजनाहरुको आयआर्जनको अभावले स्वयं उपभोक्ता समितिबाट मर्मत तथा संभार हुन नसक्नु । यसले गर्दा खानेपानी आयोजनाहरु दिगो रुपमा संचालन हुन नसक्नु

च) सार्वजनिक शौचालय पर्याप्त मात्रामा व्यवस्था हुन नसक्नु ।

छ) पूर्ण सरसफाई कार्यक्रमलाई आवश्यकता अनुसार थप कृयाशिल बनाउन नसक्नु ।

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू (बुंदागत रूपमा लेख्ने)

क. खानेपानी तथा सरफाई रणनीति तयार गर्नु पर्ने ।

ख. सवै उपभोक्ता समितिहरुलाई पारदर्शी र आर्थिक रुपमा बलियो बनाउने

ग. खानेपानी तथा सरसफाईको तथ्यांक निरन्तर अद्यावधिक गर्ने ।

घ. पूर्ण सरसफाई कार्यक्रमलाई सवै सरोकारवालाहरुको समन्वय र सहकार्यमा थप कृयाशिल गराउने ।

## ७.८ जिल्ला वन कार्यालय

**१. विषयगत कार्यालयको नाम : जिल्ला वन कार्यालय, धनकुटा**

**२. कार्यालयको लक्ष्य** :

वन, वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गरी न्यायोचित सदुपयोग गर्ने ।

**३. मूख्य उद्देश्य**

क. दिगो वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण

ख. वन मार्फत स्थानिय उपभोक्ताको जीविकोपार्जनमा टेवा पुऱ्याई जीवनस्तर उकास्ने ।

ग. आर्थिक तथा सामाजिक विकाशको लागि वन संरक्षण, संवर्द्धन तथा सदुपयोग गर्ने ।

**४. गत आर्थिक वर्षमा सञ्चालित विकास तथा कार्यक्रमको विवरण**

| सञ्चालित कार्यक्रम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| सामुदायिक वन विकास कार्यक्रम | वन क्षेत्रमा स्थानिय जनताको पँहुत सुनिश्चित गर्ने । | क. ४ वटा सावउसहरुको विधान कार्ययोजना नविकरणमा सहयोग पुगेको ।<br>ख. दैनिक उपभोगका लागि आवश्यक वन पैदावार लगायत जीविकोपार्जनका अवसरहरु प्राप्त गर्न सहयोग पुगेको छ<br>ग. ३०८ वटा सावउसहरुमा अनुगमन गरी आवश्यकता अनुसार सुझाव दिईएको । | |
| बहुसरोकारवाला वन कार्यक्रम | विपन्न तथा पछाडि पारिएका व्यक्तिहरुहरुको जीविकोपार्जनमा सुधार ल्याउने, | क. विभिन्न ३ वटा सावउसका २१ घरधुरीका उपभोक्ताहरुको जीविकोपाजर्न सुधार सहयोग पुगेको छ ।<br>ख. जलवायु परिवर्तन अनुकूलन योजना वनाई कार्यान्वयनमा सहयोग पुगेको छ । | |
| राष्ट्रिय वन विकाश तथा व्यवस्थापन कार्यक्रम | नेपाल सरकारद्धारा व्यवस्थित वनको संरक्षण, व्यवस्थापन तथा सार्वजनिक जग्गामा वन विकास गर्ने । | क. चोरी-निकासी नियन्त्रण, वन्यजन्तु संरक्षण, वन ढडेलो/आगलागी गरिएको प्रचार प्रसारबाट वन संरक्षण्का लागि सहयोग पुगेको छ । | |
| वृक्ष सुधार, वृक्षारोपण तथा नीजि वन कार्यक्रम | दक्षिण भेगमा रहेका वन क्षेत्रबाट टाढा रहेका ग्रामिण बसोबास गर्ने समुदायको दैनिक जीवन यापनको लागि घाँस, काठ, दाउरा जडिबुटी र वातावरणीय सेवा उपलब्ध गराउने । | सार्वजनिक तथा नीजि जग्गाको हरियालीमा वृद्धि गराउन सहयोग पुगेको छ । | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु**

क. सञ्चालित कार्यक्रमको कार्यविधि २०७१ तयार भएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| सेवा केन्द्र पुग्न लाग्ने समय | जि.व.का. अन्तरगत ८ वटा ई.व.का.ले बढिमा ५ गा.वि.स. तथा कम्तिमा ४ गा.वि.स.मा सेवा पुऱ्याउने गरी स्थापना गरिएको छ । यसरी हेर्दा टाढाका सेवाग्राहीलाई सेवा केन्द्र सम्म पुग्न बढिमा ४-५ घण्टा लाग्ने देखिन्छ । |
| गरिवी निवारण | गत वर्ष २१ घरधुरीका उपभोक्ताहरुमा आय आर्जनको कार्य सुरुवात गरिएको । |
| रोजगारीको अवस्था | निजी तथा सामुदायिक वनको संरक्षण, व्यवस्थापन तथा सदुपयोगमा विभिन्न चरणमा विभिन्न स्तरका सीप भएको नभएका स्थानीय जनतालाई रोजगारी सिर्जना भएको । |
| स्वरोजगारको प्रयास | केही स्थानिय जनताहरुले आफ्नो निजी जग्गामा निजी वन लगाई, जडिबुटी खेती गरि त्यसको प्रशोधन तथा विक्री वितरण गरी आम्दानी गरिरहेका छन् । |
| वातावरण सुधारका लागि भएका प्रयत्न | जलवायु परिवर्तन न्युनिकरण गर्न तथा वनको हैसियतमा सुधार ल्याउन विभिन्न स्थानको १४ हेक्टर क्षेत्रमा बृक्षारोपण, २ स्थानमा पानी तथा ताल संरक्षण, नीजि क्षेत्रको वृक्षारोपणका लागि विभिन्न रुख प्रजातीका ८०,००० भन्दा बढि विरुवा उत्पादन गरी वितरण गरिएको छ । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु**

क. समयमा कार्यक्रम प्राप्त नहुनु ।
ख. खर्चको अख्तियारी समयमा नआउनु ।
ग. जिल्ला वन कार्यालयबाट प्रस्ताव गरिए बमोजिमको कार्यक्रम स्वीकृत नभई फरक किसिमको कार्यक्रम स्वीकृत भएर आउनु ।

**८. भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु**

क. स्थानीय स्तरमा छलफल गरी तयार गरी प्रस्ताव भएका कार्यक्रमहरु नै स्वीकृत हुनुपर्ने ।
ख. खर्चको अख्तियार र कार्यक्रमहरु समयमा उपलब्ध हुनुपर्ने ।

## ७.९ जिल्ला भू–संरक्षण कार्यालय,

१. विषयगतकार्यालयको नाम : जिल्ला भू–संरक्षण कार्यालय, धनकुटा

**२. लक्ष्य**

क. जिल्लामा पर्ने महत्वपूर्ण तथा प्राथमिकता प्राप्त उपजलाधार क्षेत्रहरुको पहिचान गरी ती जलाधार क्षेत्रहरुको संरक्षण तथा सम्बर्द्धनद्वारा बाढी, पहिरो र भू–क्षय जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्दै पारिस्थितिक सन्तुलन कायम राख्न सघाउ पुर्‍याउने ।

ख. उपजलाधार क्षेत्रहरुको वैज्ञानिक व्यवस्थापनबाट भू–क्षय कम गरी जमीनको उर्वरा शक्ति कायम गरी गरिवी निवारणमा टेवा पुर्‍याउने एवम् पूर्वाधारहरुको बिकास र संरक्षणमा सघाउ पुर्‍याई बिकास कार्यमा टेवा पुर्‍याउने ।

**३. मूख्य उद्देश्य**

क. प्राथमिकता प्राप्त उपजलाधार षेत्रमा जलाधार व्यवस्थापनका विभिन्न उपायहरुको अवलम्बन गरी उपजलाधार क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्दै प्राकृतिक प्रकोपको चाप कम गरी वातावरणीय सन्तुलन कायम गर्न सघाउ पुर्‍याउने ।

ख. उपजलाधार क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट जमिनको उर्वरा शक्ति कायम गरी ग्रामीण जनताको जीवनस्तर उकास्न मद्दत पुर्‍याउने ।

ग. उपजलाधार क्षेत्रमा संरक्षणका विभिन्न कार्यहरु संचालन गरी प्रदर्शन स्थलको रुपमा प्राथमिकता प्राप्त उपजलाधार क्षेत्रको विकास गर्ने ।

घ. बाढी पहिरो र भू–क्षयबाट हुने प्राकृतिक प्रकोप एवम् विनासलाई न्यूनिकरण गर्न सघाउ पुर्‍याउने ।

ङ. खोला खहरे कटानबाट सुरक्षा प्रदान गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| **संचालित कार्यक्रम / आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| सामुदायिक एकिकृत जलाधार विकास कार्यक्रम | • गल्छी तथा पहिरो रोकथाम १० वटा<br>• खोला किनार संरक्षण २ कि.मी.<br>• पानी मुहान संरक्षण<br>• १० स्थान<br>• संरक्षण पोखरी ३ स्थान | • गल्छी तथा पहिरो रोकथाम १० वटा<br>• खोला किनार संरक्षण २ कि.मी.<br>• पानी मुहान संरक्षण<br>• १० स्थान<br>• संरक्षण पोखरी २ स्थान | |

| | | | |
|---|---|---|---|
| भूमि उत्पादकत्व संरक्षण | • कृषि वन मैत्री खेतबारी संरक्षण १० हेक्टर<br>• नदी उकास जग्गा संरक्षण एवं सदुपयोग कार्यक्रम २ समूह<br>• फलफूल तथा जडिबुटी विरुवा वितरण १२ समूह<br>• विरुवा उत्पादन ५०००० गोटा | • कृषि वन मैत्री खेतबारी संरक्षण १० हेक्टर<br>• नदी उकास जग्गा संरक्षण एवं सदुपयोग कार्यक्रम २ समूह<br>• फलफूल तथा जडिबुटी विरुवा वितरण १२ समूह<br>• विरुवा उत्पादन ५०००० गोटा | |
| विकासका पूर्वाधार संरक्षण | • सडक पाखा संरक्षण ३ कि.मी.<br>• सिंचाई कुलो संरक्षण ३ कि.मी. | • सडक पाखा संरक्षण ३ कि.मी.<br>• सिंचाई कुलो संरक्षण ३ कि.मी. | |
| सामुदायिक भू संरक्षण कार्यक्रम | • साझेदारी भू–संरक्षण कार्यक्रम ४ स्थान<br>• विपन्न वर्गको लागि आयमूलक भू संरक्षण कार्यक्रम ५० घरधुरी | • साझेदारी भू–संरक्षण कार्यक्रम ४ स्थान<br>• विपन्न वर्गको लागि आयमूलक भू संरक्षण कार्यक्रम ५० घरधुरी | |

**५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

क. धनकुटा जिल्लाको साना साना उपजलाधार क्षेत्रलाई योजना तर्जुमा र कार्यान्वयनको इकाई मानी प्राथमिकताको आधारमा उपजलाधार व्यवस्थापन कार्ययोजना बनाई कार्य गर्ने गरेको ।

ख. प्राथमिकता प्राप्त लेउती खोला उपजलाधार क्षेत्रमा निरन्तर ५ वर्ष सम्म कार्य गर्ने लक्ष्य राखी कार्यक्रम संचालन गर्ने गरेको ।

ग. कार्यक्रममा संलग्न समूहको संस्थागत विकास तथा तालीम, प्रचार प्रसारमा जोड दिएको

घ. संरक्षण कार्यलाई उत्पादनशील, आयमूलक एवं बजारमुखी ढाँचामा संचालन गर्ने गरेको

ङ. भू संरक्षण र जलाधार व्यवस्थापनबारे व्यापक प्रचार प्रसार गरी जनचेतना अभिवृद्धि गर्ने गरेको ।

च. समस्या पहिचानदेखि सर्वे, डिजाईन, लागत इष्टमेट, सम्झौता, कार्यक्रम कार्यान्वयन, अनुगन तथा मूल्यांकन, लाभांश वितरण र मर्मत संभार गरी हरेक चरणमा उपभोक्ताहरुलाई परिचालन गरी कार्यक्रमलाई दिगो बनाउने काम गरेको ।

## ६. सामाजिक जिम्मेवारी बहनगर्ने क्षमता :

| सामाजिकजिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| गरिवी निवारण | ● ५० घरधुरीका विपन्न वर्गको लागि आयमूलक कार्यक्रम, अदुवाको र तरकारीको वीउ विजन वितरण गरिएको । जसबाट १८४ महिला र १७६ पुरुष लाभान्वित भएको । |
| वातावरणीय संरक्षण | ● १० वटा पहिरो रोकथाम, १० स्थानमा पानी मुहान संरक्षण, २ स्थानमा पोखरी संरक्षण<br>● १० हेक्टर जमिनमा कृषि वन मैत्री खेतवारी संरक्षण<br>● ५० हजार  फलफूल तथा जडिबुटीका विरुवा उत्पादन गरी १२ वटा समूहमा वितरण ।<br>● ३ कि.मी. सडक पाखा र ३ कि.मी. सिंचाई कुलो संरक्षण |
| रोजगारी सिर्जना | ● १३८८४ दिन रोजगारी सिर्जना |
| स्वरोजगार प्रयास | ● १५ जना महिलाहरुलाई संरक्षण तालिम उपलब्ध गराइएको । |
| लाभान्वित सहभागिता | ● दलित (३२४६) महिला १६६२ र पुरुष १५८४, जनजाती ( २७१९२) महिला १३८७२ र जनजाती पुरुष १३३२०, अन्य ( ९७२६) महिला ४९६५ र अन्य पुरुष ४७६१ गरी जम्मा २०४९९ महिला र १९६६५ गरि कूल ४०१६४ लाभान्वित भएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

क. श्रावण, भदौ, असोज महिनामा खोलाबाट ढुंगा, गिट्टी, वालुवा झिक्न निषेध भएको कारण निर्माण कार्यमा बाधा

ख. कार्यक्रम माग भए अनुसार बजेट व्यवस्थापन पर्याप्त नभएको ।

ग. ग्रामिण सडक निर्माणको कारण भू क्षय हुने र पहिरो जाने क्रम तीब्र भएको ।

घ. दरवन्दी अनुसारको जनशक्ति नभएको कारण काममा समस्या र कार्यक्रम कार्यान्वयनको क्रममा फिल्ड जाँदा वर्ष भरीमा ईन्धन अपुग भै समस्या हुने गरेको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. माग अनुसार बजेटको पर्याप्त व्यवस्था हुनुपर्ने ।

ख. दरवन्दी अनुसारको पदपूर्ती हुनुपर्ने ।

ग. इन्धनको पर्याप्त व्यवस्था हुनुपर्ने ।

## ७.१० घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, धनकुटा

१. विषयगत कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, धनकुटा

२. लक्ष्य

क. जिल्लामा लघु उद्यमीहरुको क्षमता विकास मार्फत गरिवी निवारणमा सहयोग पुर्‍याउनु ।

३. मूख्य उद्देश्य

क. लघु, घरेलु तथा साना उद्योगको विकास, विस्तार र प्रवर्द्धनमा सहयोग पुर्‍याउनु ।

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| १. नयाँ लघु उद्यमी विकास सिर्जना | ११३ जना | ११४ जना | |
| २ सीप विकास तालिम | ११३ जना | ११३ जना | |
| ३. उद्यम विकास कार्यक्रम | २० जना | २३ जना | |
| ४. उद्योग प्रवर्द्धन कार्यक्रम | ३० जना | ३९ जना | |
| ५. औद्योगिक तथा बौद्धिक सम्पत्ती सचेतना कार्यक्रम | २० जना | २२ जना | |
| ६. उद्यमीहरुको स्तरोन्नती | १०० जना | १२४ जना | |
| ७. प्रविधि हस्तान्तरण | १६ जना | १६ जना | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :

क. ...........

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| लघु उद्यमी सिर्जना | • १६ जना दलित, ९३ जना जनजाती र ५ जना अन्य समुदायले उद्यमशिलता विकास लगायतका तालिम तथा अवसर प्राप्त गरेका ।<br>• उल्लेखित समुदायले विभिन्न १२ प्रकारका सीप तथा व्यवसायमूलक तालिमहरु प्राप्त गरेका ।<br>• १०७ जनाले लघुकर्जा पहुँच प्राप्त गरेका । |
| उद्योग दर्ता तथा रोजगारी | • २४८ वटा नयाँ उद्योगहरु दर्ता भएका । जसमध्ये उत्पादनमूलक २२ वटा, कृषि तथा वनजन्य १७० वटा, |

| | |
|---|---|
| | सेवामूलक ५१ वटा र निर्माण उद्योगहरु ५ वटा ।<br>• कूल रु. १५०११०५०० पूँजीबाट वार्षीक रु. ४७२१५७६४५ उत्पादन भई रु. २५२७८०० राजश्व आम्दानी हुने अनुमा।<br>• ३४ महिला र १५७ पुरुष गरी जम्मा १९१ जना उद्यमी निर्माण ।<br>• ९५ महिला र ३५१ पुरुष गरी जम्मा ४४६ जना प्रत्यक्ष रोजगार हुने ।<br>• १०३ वटा नविकरण भएका<br>• ११४ वटा वाणिज्य दर्ता<br>• ५८ वटा वाणिज्य नविकरण भएको । |
| रोजगार सिर्जना | १२४ जना उद्यमीहरुले १५ प्रकारका एडभान्स तालिम अर्थात व्यवसायिक तालिम लिएका । |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. पर्याप्त बजेटको अभाव

ख. माग अनुसारको तालिम सञ्चालन गर्न नसनु ।

ग. उद्यमीहरुले अपेक्षा अनुरुप उद्योग सञ्चालन गर्न सकिरहेका छैनन् ।

घ. उपयुक्त प्रविधिको माग पुरा गर्न नसकिएको ।

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. आवश्यकता अनुसार बजेटको व्यवस्था हुनुपर्ने ।

ख. पर्याप्त अनुगमन

ग. लक्षित वर्ग तथा समुदायमा उपयुक्त प्रविधि पुर्‍याउनु पर्ने ।

## ७.११ कोशी अञ्चल आयुर्वेद औषधालय, धनकुटा

१. विषयगत कार्यालयको नाम : कोशी अञ्चल आयुर्वेद औषधालय, धनकुटा

**२. लक्ष्य**

क. सेवाग्राहीहरुलाई गुणस्तरीय आयुर्वेद सेवा उपलब्ध गराउने ।

**३. मूख्य उद्देश्य**

क. सेवामूलक कार्यक्रम कार्यान्वयन गराउने ।

ख. आयुर्वेद सम्वन्धी सचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| गाउँ घर तथा शहरी क्लिनिक, नसर्ने रोग व्यवस्थापन कार्यक्रम | २ | २ स्थानमा सम्पन्न भयो । वेलाहारा ६५८ जना र आँखिसल्लामा ५१८ जनाले सेवा प्राप्त गरेको । | |
| पूर्वकर्म (स्नेहन, स्वेदन) व्यवस्थापन कार्यक्रम | | २६०९ जना (१८८३ महिला र पुरुष ७२६०) लाई सेवा प्रदान<br>४३० जना नयाँ, (२५३ महिला, १७७ पुरुष) २१७९ जना ((१६३० महिला र ५४९ पुरुष) पुनरावृत । | |
| स्तनपायी आमालाई मातृशिशु सुरक्षार्थ तेल तथा दुग्धवर्धक औषधी वितरण | १५६जना | ९४ जना नयाँ र १५४ पुनरावृत गरी जम्मा २४८ जना । | |
| जेष्ठ नागरिकको स्वास्थ्य प्रवर्द्धन सेवा | | ९४ पुरुष र १३६ महिला गरी जम्मा २३० जना नयाँ<br>पुनरावृति १४४ पुरुष र २१९ महिला गरी जम्मा ३६३ जना ।<br>जम्मा २३८ पुरुष र ३५५ महिला गरी जम्मा ५९३ जना । | |
| निःशुल्क आयुर्वेद स्वास्थ्य शीविर | २ वटा | २ वटा सम्पन्न ।<br>तांखुवाको काजीमाने र लेगुवा रामबजारमा सम्पन्न ।<br>२६६ पुरुष र ४०१ जना महिला गरी जम्मा ६६७ जना सहभागी । | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :

क. ५ देखि १० जनालाई निरन्तर स्वेदन गराउने र विरामी चाप घटाउने ।

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| आयुर्वेद सेवामा पहुँच | जिल्लाबाट ८२५६ जना र छिन्तांगबाट २५१४ जना गरी १०७७० जनाले सेवा लिएको । |
| स्तनपायी आमाहरुको स्वास्थ्य | ९४ जना नयाँ र १५४ पुनरावृत गरी जम्मा २४८ जना । |
| ज्येष्ठ नागरिकहरु | २३८ पुरुष र ३५५ महिला गरी जम्मा ५९३ जनालाई सेवा उपलब्ध गराएको । |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

क. जिल्लामा आयुर्वेद औषधालयको संख्यामा कमी

ख. कोशी अञ्चल आयुर्वेद औषधालयमा प्राविधिक कर्मचारकिो स्वीकृत दरवन्दी कम हुनु

ग. विरामीको अनुपातमा औषधी खरिदमा बजेट अत्यन्त कम हुनु ।

घ. हाल संचालनमा रहेका कार्यक्रममा बजेट न्यून हुनु

ङ. कार्यालयमा प्रयोगशालाको व्यवस्था नहुन ।

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. दरवन्दी थप हुनुपर्ने ।

ख. बजेटको पर्याप्त व्यवस्था हुनुपर्ने

ग. कार्यालयमा प्रयोगशालाको व्यवस्था गरिनुपर्ने ।

घ. योगाभ्यास स्थलको व्यवस्थापन गरिनुपर्ने ।

## ७.१२ सल्भ नेपाल, धनकुटा ६

१. **गैर सरकारी संस्था को नाम :** विकासका लागि स्थानिय स्वयंसेवकहरुको प्रयास (सल्भ नेपाल ) धनकुटा

२. **लक्ष्य**

नेपाली समुदायले न्यायपूर्ण समता एवं सक्षमताका साथ आ आफ्नो साधनको उपयोग द्वारा आधारभूत आवश्यकता पूरा गरेको हुनेछ ।

३. **मूख्य उद्देश्य**

क. गरिवी न्यूनिकरण गर्ने ।
ख. महिलाहरुको दिगो आथिएक विकास गरि जिवीकोपाजएनमा सहयोग गर्दै सशक्तिकरण गर्ने ।
ग. लघु वित्त र लघु उद्यम विकास गर्ने ।
घ. प्राकृतिक स्रोतको दिगो परिचालन र व्यवस्थापनमा सहयोग गर्ने ।
ङ. ग्रामिण खानेपानी तथा सरसफाई व्यवस्थापन गर्ने ।

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम/ आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| शिप लघु वित्त कार्यक्रम | लघुवित्त विकास वैकमा परिणत गर्ने ।<br>१२ हजार महिलाहरुलाई प्रत्यक्ष सहयोग पुर्‍याउने । | • १७६१७ महिलाहरुलाई प्रत्यक्ष सहयोग पुऱ्याई ११५५९ हजार महिलाहरुलाई ऋण परिचालन गरिएको ।<br>• ५ वटा जिल्लामा लघुवित्त भएकोमा हाल संखुवासभा समेतमा गरी ५ वटा जिल्लाहरु - धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा र पाँचथर) मा कार्यक्रमहरुलाई विस्तार गरिएको ।<br>• महिलाहरुलाई स्वरोजगार, आत्मा निर्मर र सशक्तीकरणमा सहयोग पुगेको ।<br>• हाल रु. ३७१४१२००० रकम लगानीमा रहिरहेको । | |
| बहुसरोकारवाला वन कार्यक्रम | १. सरकार र गैरसरकारी क्षेत्र -नागरिक समाज, गैसस, समुदाय र नीजि क्षेत्र) ले मिलेर वन क्षेत्रको समावेशी रणनीति, नीति र योजनाहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।<br>२ नीजि क्षेत्र -किसान, | • ११ वटा जोखिम गाविसहरुको ३० वटा सामुदायिक वनमा आय आर्जन, जलवायू परिवर्तनको असरले पारेको प्रभावलाई न्यूनीकरणमा सहयोग, सामुदायिक वनको सुशासन तथा लैंगिक समविकास सम्वन्धी सचेतना कार्य गरिएको । | |

| | | | |
|---|---|---|---|
| | उद्यमी र वित्तीय संस्था) ले वन क्षेत्रमा लगानी र रोजगार बढाउने ।<br>३ ग्रामिण समुदाय, खासगरी गरिव, पछाडि परेका र जलवायू परिवर्तनको जोखिममा भएका व्यक्ति तथा परिवारहरु स्थानीय वन व्यवस्थापन र अन्य लगानीबाट लाभान्वित हुनेछन् ।<br>४ सरकार, समुदाय र नीजि क्षेत्रले वन एवं रुख विरुवाको दिगो व्यवस्थापन र अनुगमन गर्दै जलवायू परिवर्तनको सामना गर्न सक्ने वहन क्षमता वृद्धि । | • वनमा आधारित उद्योग तथा उद्यमीहरुको प्रवर्द्धन, उद्योगहरुको स्थापना, ।<br>• गरिव तथा जोखिममा परेका घरधुरीहरुका निम्ती आय आर्जन कार्यक्रम ।<br>• जलवायू परिवर्तनले पारेको असरलाई कमगर्ने क्रियाकलापहरु ।<br>**उपलब्धिहरु :**<br>• १२० घरधुरीलाई आय आर्जन क्रियाकलापमा रु. १८००००० सहयोग ।<br>• १५ वटा सामुदायिक वनहरुमा सुशासन तथा लैंगिक विकास सम्वन्धी सचेतना कार्यक्रम ( १४०० भन्दा वढी सहभागी) ।<br>• १५ वटा सामुदायिक वन उपभोक्ता समितिहरुमा ४ वटा विशेष योजना (संस्थागत विकास योजना निर्माण र कार्यान्वयन, दिगो वन व्यवस्थापन योजना, समुदायमा आधारित अनुकूलन योजना र जीविकोपार्जन सुधार योजना) निर्माण र कार्यान्वयन गरिएको । | |
| वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने | वन वातावरणमा सहयोग पुऱ्याउदै वैकल्पिक उर्जाको प्रवर्द्धन गर्ने । | • ८४३२ वटा सुधारिएको चुल्हो निर्माण गरिएको । यसवाट वैकल्पिक उर्जा प्रवर्द्धनमा सहयोग पुगेको ।<br>• महिलाको स्वास्थ्यमा सहयोग पुगेको ।<br>• २८ गाविस हरुमा सुधारीएको चुलो निर्माण अभियान संचालनमा रहेको छ । | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. अघिल्लो वर्षका नीतिहरुलाई निरन्तरता दिइएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| गरिवी निवारण | • धनकुटा जिल्लाका १२० घरधुरीलाई आय आर्जन क्रियाकलापमा रु. १८००००० सहयोग गरिएको छ ।<br>• ५ वटा जिल्लाका ११ हजार परिवारमा ऋण परिचालन गरिएको । २०००० भन्दा वढी घरधुरीमा आय आर्जनका लागि ३० करोड भन्दा वढी लगानी |
| वन वातावरण | • सुधारिएको चुल्हो मार्फन वन पैदावरमा कमी आएको ।<br>• नियमित दाउरा खपतमा कमी आएको ।<br>• १५ वटा सामुदायिक वन उपभोक्ता समितिहरुमा दिगो वन व्यवस्थापन योजना र समुदायिमा आाधारित अनुकूलन योजना निर्माण गरिएको । |
| वैकल्पीक उर्जा<br>सुधारिएको चुलो समेत | • ८४३२ सुधारिएको चुल्हो निर्माण भएको<br>• अघिल्लो वर्ष १७८ परिवारमा सोलार वितरणको को अनुगमन गरिएको । |
| रोजगारी सिर्जना -यस वर्ष थप भएका) | • उद्यम विकास तालिम मार्फत ७ वटा उद्योगहरुको स्थापना तथा प्रवर्द्धन । (१८ जनाहरुले प्रत्यक्ष रुपमा काम गर्ने वातावरण बनेको छ । जसको नियमित अनुगमन गरिएको छ । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू:

क. समुदायले विश्वास गरी सवै पक्षको माग गर्ने गरेको र समुदायको मागलाई आवश्कता अनुसार संवोधन गर्न नसक्नु ।

ख. छोटो समयमा कतिपय परियोजनाहरु पुरा हुने हुदा निरन्तर दिगो विकास र प्रभावकारीतामा कम योगदान पुगेको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. कार्यक्रमको विषय र क्षेत्र निर्धारण गरी कार्यक्रमलाई एकिकृत रुपमा संचालन गर्न सम्वन्धित संस्थाहरुवीच समन्वय कायम गर्नु पर्ने ।

ख. कार्यक्षेत्र र अनुभवका आधारमा कार्यक्रम कार्यान्वयन गर्न दिनु पर्ने ।

## ७.१३ हुसाडेक नेपाल

१. **गैर सरकारी संस्था को नाम :** मानवअधिकार, सामाजिक सचेतन र विकास केन्द्र (हुसाडेक)

२. **लक्ष्य**

क. मानवअधिकार संस्कृतियुक्त समतामूलक समाजको निर्माणमा सहयोग पुर्‍याउने ।

३. **मूख्य उद्देश्य**

क. मानव अधिकारको अवधारणा स्पष्ट भई नसकेका संस्थाका लक्षित वर्गहरुमा आफ्नो अधिकारको बारेमा थप प्रष्टता ल्याउँदै उनीहरुको जीविकोपार्जन क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने ।

ख. मानव अधिकारका सम्वन्धमा वकालत गर्न सक्ने संस्थाका लक्षित वर्गको संख्यामा वृद्धि गर्ने

ग. अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरु विच प्रभावकारी समन्वय र सन्जाल मार्फत मानवअधिकारका लागि जनवकालत गर्ने ।

घ. संस्थाले समान उद्देश्य र लक्ष्य भएका, गै.स.स. स्थानिय निकाय र समुदायमा आधारीत समुहको क्षमता अभिवृद्धिका निम्ती सहजीकरण गर्ने ।

ङ. विभिन्न कारण (मानव निर्मित तथा प्राकृतिक जोखिमहरु) बाट जोखिममा परेका समुदायहरुको सामाजिक रुपान्तरणको लागि सामाजिक परिचालन मार्फत सहजीकरण गर्ने ।

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| नेपालमा कानूनी शासन सवलिकरण कार्यक्रम | सुरक्षा तथा न्याय प्रवर्द्धन मा जनतालाई सक्रिय वनाउँदै शान्ति सुरक्षास्थापनामा सहयोग पुऱ्याउनु । | • जिल्लाका दुई वटा स्थानमा सुचना पाटी र जिल्ला प्रहरी कार्यालयसँगको समन्वयमा सुरक्षा सुचनाका लागि फ्लास वोर्डहरु निर्माण गरिएको । | |
| सामाजिक परिचालन कार्यक्रम | पाखीबास नगरपालिकामा सामाजिक परिचालन कार्यक्रम संचालन । | • नगरपालिका क्षेत्रमा पाँच वटा नागरिक सचेतना केन्द्र सञ्चालन ।<br>• १५ वटा वडा नागरिक मञ्च संचालन ।<br>• ३ वटा सामुदायिक पूर्वाधार योजनाहरु सञ्चालन भएका<br>• जीविकोपार्जन सुधारका लागि पाँचवटा योजनाहरु सञ्चालन भएका । | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

क. अघिल्लो वर्षका नीतिहरुलाई निरन्तरता दिइएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| सामाजिक परिचालन | • पाखीबास नगरपालिका क्षेत्रमा १५ वटा वडा नागरिक मञ्च गठन तथा परिचालन । जसमा १४७ जना महिला र २१६ जना पुरुष गरी जम्मा ३६३ जना सहभागी भएका छन्<br>• नगरपालिका क्षेत्रमा ५ वटा नागरिक सचेतना केन्द्र सञ्चालन जसमा १०२ जना महिला र २८ जना पुरुषको सहभागिता रहेको । |
| गरिवी निवारण | • ४५ परिवार लाभान्वित हुने गरी पाँच वटा जीविकोपार्जन योजना सञ्चालन । |
| भौतिक पूर्वाधार निर्माण | • ३ वटा सामुदायिक पूर्वाधार योजनाहरु निर्माण गरिएको । जसमध्ये दुग्ध संकलन केन्द्र, पाखीबास २ मा संचालन गरिएको छ ।<br>• घोर्लीखर्कमा १८ वटा बाखाका खोरहरु र फलाँटेमा १८ वटा बंगुरका खोरहरु निर्माण भएको छ । |
| सुरक्षा तथा न्याय प्रवर्द्धन | • सुरक्षा सचेतना सम्बन्धी दुई वटा होर्डिंग वोर्ड र ६ वटा फ्लास सीटमा सूचना सम्प्रेषण गरिएको छ ।<br>• |
| सुशासन प्रवर्द्धन | • ३२ जनालाई पाखीबास नपाको सहयोगमा सूचनाको हक सम्बन्धी तालिम उपलब्ध गराइएको छ । |
| खानेपानी तथा सरसफाई | • धनकुटा जिल्लालाई खुल्ला दिसामुक्त घोषणा गर्ने वातावरण निर्माण गर्ने क्रममा हात्तिखर्क, अर्खौले जीतपुर र परेवादिन गाविसमा सामाजिक परिचालन गरिएको । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

क. समन्वय र सहकार्यका कारण कहिले कहिले तोकिएको समयमा (परियोजनाहरुको निर्धारित समयभित्र) कार्यसम्पादन गर्न ढिलाई हुने ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क. अनुगमन प्रक्रियालाई अझ प्रभावकारी बनाउनुपर्ने ।

## ७.१४ पर्डेप नेपाल

१ **गैर सरकारी संस्था को नाम :** गरिवी निवारण तथा ग्रामिण विकास कार्यक्रम (पर्डेप नेपाल) धनकुटा

२ **संस्थाको लक्ष्य :**

गरीव सुविधा विहिन तथा महिलाहरुको शसक्तिकरण गर्नु ।

३ **संस्थाको उद्देश्य**

- मानव जीवनलाई सार्थक वनाउन रचनात्मकपूर्ण कार्य गर्न समुदायलाई प्रोत्साहित गर्ने ।
- जोखिममा परेका विपन्न वर्गका समुदायलाई आवश्यक सहयोग तथा सेवाहरुको लागि विभिन्न विकास निर्माणका कार्यहरु संचालन गर्ने ।
- युवा, वालवालिका, महिला, दलित र वृद्ध वर्गहरुमा सामूहिक तथा पारस्परिक सहयोगको भावना विकास गरी उनीहरुको शारीरिक तथा मानसिक विकास गर्न रचनात्मक क्रियाकलाप तथा तालिम, गोष्ठी, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- समाजमा रहेको अन्ध विश्वास, विकृति तथा कु-संस्कारहरुलाई जनचेतनामूलक तथा जनजागरण शिक्षाका कार्यक्रमहरु संचालन गर्ने ।
- सामाजिक परिवर्तनकालागि लक्षित समुदायलाई विकासको मूलप्रवाहमा समाहित गरी स्वावलम्वी तथा दिगो आयआर्जन तर्फ उन्मूख गर्न तालिम गोष्ठी लगायत आवश्यक्ता अनुसार विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।
- सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग समन्वय तथा साझेदारी गर्दै पिछिडिएका वर्गहरुको जिवनस्तर उकास्ने खालका कार्यक्रमहरुको संचालन गर्ने ।
- ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमलाई दीगो र सर्वसुलभ गराउन प्रयत्न गर्ने ।
- सुशासन प्रवद्धनका लागि स्थानीय स्तरमा सहयोग गर्ने ।
- आय आर्जनको माध्यामबाट गरीवि न्यूनिकरण गर्ने ।
- कृषिमा ब्यवसायिकरण गर्ने ।

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | सशक्तिकरण गर्ने | २८८९ घरधुरीलाई सचेतना कार्यक्रम गरिएको । | |
| सामाजिक परिचालन | ९ वटा गाविसमा सञ्चालन | ९ गाविसमा सामाजिक परिचालन ।<br>९ वटा नागरिक सचेतना केन्द्र संचालन ।<br>८१ वटा वडा नागरिक मञ्चमा सहजीकरण ।<br>९ वटा जीविकोपार्जन योजना र ४ वटा सामुदायिक पूर्वाधार योजना संचालन | |
| पूर्ण सरसफाई | गाविसहरुलाई खुल्ला दिसामुक्त घोषणा गर्न सहयोग गर्नु । | चुंगमांग र आँखिसल्ला गाविसलाई खुल्ला दिसामुक्त घोषणा गर्नका लागि सहजीकरण ।<br>३ वटा गाविसहरुमा पूर्ण सरसफाई | |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धी अभिमुखिकरण । | |
| झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | पुल निर्माण | ५ वटा पुल निर्माण भएको । | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू**

क. नियमित वैठक तथा समिक्षा बाट कार्यक्रमका लागि आवश्यक पृष्ठपोषण लिने गरिएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| स्वच्छ खानेपानी तथा सरसफाइको उपलब्धता | खानेपानी योजना संचालन गरी च्वच्छ खानेपानीको व्यवस्था गरिएको छ । |
| सामाजिक परिचालन | ९ वटा गाविसहरुमा सामाजिक परिचालन गरिएको छ ।<br>९ वटा नागरिक सचेतना केन्द्रहरु र ८१ वटा वडा नागरिक मञ्चहरुमा सहजीकरण गरिएको छ । |
| गरिवी निवारण | ९ वटा जीविकोपार्जन योजनाबाट गरिव तथा विपन्न परिवारहरु लाभान्वित भएका छन् ।<br>गरिवी निवारणमा टेवा पुर्‍याउन सामुदायिक पूर्वाधार योजनाहरु ४ वटा सञ्चालन गरिएको छ । |
| पूर्ण सरसफाई | चुंगमांग र आँखिसल्ला गाविसलाई खुल्ला दिसामुक्त घोषण गर्नका लागि सहजीकरण गरिएको छ ।<br>लेगुवा, अर्खौले जीतपुर र मूर्तिढुंगा गाविसहरुमा पूर्ण सरसफाई सम्बन्धी अभिमुखिकरण सञ्चालन गरिएको छ । जसमा २६० जना सहभागी भएका छन् । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

क. बजेटको सिमीतता ।
ख. सहभागितामा कमी
ग. कार्यक्रमको दिगोपना
घ. समन्वय

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क. दातृ तथा सहयोगी निकायहरुसँगको सम्झौता योजना तालिका बमोजिम हुनुपर्ने ।

ख. काम गर्ने र नगर्ने संस्थाहरुलाई एउटै नजरले हेर्न नहुने ।

## ७.१५ सामुदायिक विकास मञ्च, धनकुटा

१. गैर सरकारी संस्थाको नाम : सामुदायिकविकास मञ्च (CDF) नेपाल, धनकुटा

२. लक्ष्य

क. दीगो र लोकतन्त्रको संस्थागत विकासको लागि सामाजिक, आर्थिक र सांस्कृतिक रुपान्तरणको क्रियाकलापहरु गर्ने ।

३. मूख्य उद्देश्य

- आपसी सद्भाव, एकता, मेलमिलाप र सामाजिक सुसम्बन्धको भावनाको विकास गर्ने ।
- दीगो विकासको लागि स्थानीय श्रोत, साधन, सीप र प्रविधिको उपयोग र संरक्षणमा जोडदिने ।
- समाजमा पछाडी पारिएका दलित, महिला र सिमान्तकृत समुदायको आर्थिक, सामाजिक, शैक्षिक उत्थान गरी विकासको मूलप्रवाहमा समाहितगर्ने ।
- व्यवसायीक, व्यवहारिक र वास्तविकज्ञान सीपको प्राप्ती र बैज्ञानिक चिन्तनमा आधारित चेतना विकास औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्ने ।
- सामाजिक परिचालनको माध्यमबाट समुदायको सामाजिक, आर्थिक, भौतिक र मानवीय विकास गर्ने ।

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| **संचालितकार्यक्रम / आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| बालअधिकार तथा शान्ति शिक्षा कार्यक्रम | बालअधिकारको संरक्षणमा सहयोग गर्ने | बालअधिकारको संरक्षणको लागिधनकुटाकाविभिन्न ५ गाविसहरुमाबालअधिकारको संरक्षणगर्ने प्रयोजनकालागि संयन्त्रहरु (बालक्लव, बाल संरक्षणतथा सम्बर्द्धन उपसमिति) हरुको निर्माणभई क्षमताअभिबृद्धिभएको । | मानवअधिकार मञ्च नेपाल इलामसँगको समन्वयमा । |
| झोलुंगे पुल क्षेत्रगतकार्यक्रम | ग्रामिण भेगमा सहज र सहजपहुँच बृद्धि | १. धनकुटा जिल्लामा छुमालामो ( फंसुवाखोलाआँखिसल्ला र बेलहारा विच) झोलुंगे पुलनिर्माण सम्पन्न ।<br>२. धनकुटाको चानुवा र संखुवासभाको अँखिभूई विचमा पर्ने केँवाखोलाविचको आहालेफेदी र | जिविस धनकुटाको समन्वय |

| | | | |
|---|---|---|---|
| | | बसन्तटार र राजारानीविचको चावाखोलामा दुइवटापुल निर्माणहुँदै । लगभग ५० प्रतिशतकार्य सम्मन्न । ३. धनकुटाको गोपालपुर (छिन्तांग र महाभारत), घघँरु (छिन्तांग र आहाले) र नकुवावेशी (खोकु र चुम्वांग) मा झोलुंगेपुलको लागि सर्भेक्षण सम्पन्न । | |
| सामाजिक परिचालक | सिमान्तकृत तथा पिछडीएका वर्गलाई विकासको मूलप्रवाहमा ल्याउने । | कार्य क्षेत्रकावडानागरिक मञ्चतथानागरिक सचेतना केन्द्रमार्फत गरिव तथा पिछडीएका वर्गको आवजको मुलप्रवाहीकरणहुँदै आएको | जिविस धनकुटाको सहयोगमा |
| महिला सशक्तिकरणका लागि क्षमता अभिबृद्धि कार्यक्रम | महिलाहरुलाई आफ्ना अधिकारको सदुपयोगको लागिक्षमताअभिबृद्धिगर्ने | धनकुटा जिल्लाका बसन्तटार, राजारानी, डाँडाबजार, फाक्सिव, धनपा ८ र धनपा ९ का महिलाहरुलाई आफुसँग सम्बन्धित योजनाहरु मागगर्ने, प्रतिवेदनतयार गर्ने तथा आर्थिक प्रतिवेदन तयारी गर्ने सिप उपलब्ध गराएको | जिविस ( निर्वाचन क्षेत्रगतविकास कार्यक्रम) |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवातथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि अनुरुप लक्षित समूहका बजेट लक्षित समूहमानौ पुर्‍याउनको लागि वकालत तथा पैरवी ।

ख. बालक्लव तथा बाल संरक्षणतथा सम्बर्द्धन उपसमितिहरुको स्थापना तथा क्षमतामा अभिबृद्धि

६. सामाजिकजिम्मेवारी बहनगर्ने क्षमता :

| सामाजिकजिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| बालक्लवगठन | ५ गाविसमा पुर्नगठन गरीएको (भेडेटार, फाक्सिव, छिन्तांग, खोकु र आँखिसल्ला) |
| बाल संरक्षणतथा सम्बर्द्धन उपसमितिको गठन | ५ गाविसमा पुर्नगठन गरीएको (भेडेटार, फाक्सिव, छिन्तांग, खोकु र आँखिसल्ला) |
| बालबालिका विषयक सार्वजनिक सुनुवाई | बालबालिकाहरुको बजेटको बारेमा स्पष्टभएको ( भेडेटार, फाक्सिव, छिन्तांग, खोकु र आँखिसल्ला) |

यी सबै गाविसमा बालश्रम, बाल दुर्व्यवहारका घटनाहरुको अभिलेखिकरण गर्ने तथा सो को बारेमा चेतना जगाउनका लागि स्थानिय बालक्लव तथा संयन्त्रहरु नै स्वयम् परिचालन भईरहेका छन् ।

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क.	हरेक साना साना सवालहरुपनि राजनीतिकरण हुने ।
ख.	सचेतनामूलक कार्यक्रमहरुमा जनचासो घटीरहेको हुँदा सहभागीतामा ह्रास ।

८. भावीकार्यक्रम संचालनको लागिचाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क.	सबै कार्यालयहरु बीच समन्वयगर्नुपर्ने जसले गर्दा एकै प्रकृतिका कार्यहरु एकैपटकगर्न सकिने ।
ख.	सामुदायिक विकासका लागि भौतिक विकासभन्दा अगाडि मानवीय विकास गर्नुपर्ने ।

## ८ सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु

स्थानीय निकायले सामाजिक दायित्व निर्वाह गर्ने काम कति भइरहेको छ भन्ने लेखाजोखा सामाजिक परीक्षणले गरेको छ । सामाजिक परीक्षणको क्रममा केही सूचकहरुमा थप हुने, केहीमा कम हुने र केही सूचकहरु परिवर्तन नभएको अवस्था देखिन्छ । यद्यपी परीक्षणको क्रममा देखिएका सवलपक्षहरु निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

- सामाजिक परीक्षण स्थानीय निकायको प्रवर्द्धनात्मक क्षेत्रभित्र समाहित भएको छ । सधैंभन्दा यो परीक्षण कार्य १ महिना अगाडि सम्पन्न भएको छ ।
- अघिल्लो वर्षको तुलनामा यो वर्ष केही सामाजिक सूचकहरुमा घटबढ भएको छ । धनकुटा जिल्ला पूर्ण खोप सुनिश्चित भएको जिल्ला, खुल्ला दिसामुक्त जिल्लाको रुपमा घोषणा भएको छ । यसले सरसफाई र खोप प्रतिको जागरुकता तर्फ जिल्लालाई परिचित बनाएको छ ।
- यो वर्ष समेत कार्य सम्पादनमा धनकुटा जिल्ला मुलुककै पहिलो जिल्ला हुन सफल भएको छ । १ वर्ष मुनीका वालवालिकाहरुको खोपमा शत् प्रतिशत सफलता प्राप्त भएको देखिँदैन भने शिक्षाका सूचकहरुमा खास परिवर्तन भएको छैन ।
- विकासमा महिला सहभागिता, वातावरण संरक्षण, सामाजिक परिचालन, ोजगारी वृद्धि लगायतमा गत वर्ष भन्दा सकारात्मक उपलब्धी देखिएकोछ ।

अन्य उपलब्धिहरु विगत वर्षका झैं समान छन् । जसलाई अभिलेखको रुपमा निरन्तरता दिइएको छ । जसलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

- सेवा प्रदायक निकायहरुले सामाजिक समावेशीकरण तथा लैंगिक अवधारणा अनुरुप खण्डिकृत तथ्यांकलाई व्यवस्थित गर्ने प्रयत्न गरेका छन् ।
- जिल्ला विकास समितिको कार्यालयले लक्षित समूह तथा क्षेत्र विकासका कार्यहरुलाई सोही वर्ग तथा समन्वय समितिको सिफारिसमा परिचालित गरेको देखिन्छ । आदिवासी तथा जनजाती विकास समन्वय समिति, दलित वर्ग समन्वय समिती र महिला समन्वय समितिहरुले लक्षित क्षेत्रका लागि विनियोजित बजेटको कार्यान्वयनमा निर्णायक भूमिका खेलेका छन् । प्राप्त बजेटहरुको कार्यान्वयन समन्वय समितिहरुको निर्णयमा खर्च भएको देखिन्छ ।
- जिल्लामा क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच जिविसको पहलमा सहकार्य र समन्वय भएको देखिएको छ ।
- जिविसको कार्यालयले संस्थागत क्षमता विकासलाई जोड दिएको देखिन्छ । जसका लागि कर्मचारी, दलका प्रतिनिधिहरु, सामाजिक परिचालक, गाविसहरुलाई यथासक्य तालिम, अध्ययन अवलोकन भ्रमण गराएको छ ।
- जिल्ला विकास समितिले सहभागी तथा समावेशी योजना तर्जुमा प्रकृयालाई अवलम्बन गरेको छ ।
- जिल्ला विकास समितिले शिक्षा, स्वास्थ्य, महिला विकास, खानेपानी तथा सरसफाई र जिल्लामा कार्यरत विकास साझेदारहरुसँग समन्वयकारी भूमिका खेल्न संयोजकको भूमिका निर्वाह गरिरहेको छ ।
- सामाजिक विकास कार्यमा नागरिक संगठनहरुको भूमिका समेत उल्लेख्य देखिएको छ । खानेपानी तथा सरसफाई, खुल्ला दिसामुक्त अभियान, महिला हिंसा विरुद्धका अभियानहरु र सुधारिएको चुलो निर्माण, विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएकोछ ।
- सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन जानकारी गराउने र सुझाव लिने कार्यले सरोकारवालाहरुको सामाजिक उपलब्धि तर्फ विकास निर्माणका कार्यहरुले अनिवार्य योगदान गर्नुपर्नेमा थप सुझाव प्राप्त भएको छ ।

## ९ सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु

जिविसको कार्यालयले जिल्लामा सामाजिक विकासका लागि संयोजनकारी भूमिका निर्वाह गरिरहेको छ । सामाजिक विकासका लागि आवश्यक नीतिगत आधारहरु जिविसिको कार्यालयले तयार गरेको छ । सामाजिक विकास शाखाको गठन, लैंगिक तथा सामाजिक समावेशी कार्यान्वयन समिति, क्षमता विकास योजना निर्माण र कार्यान्वयन गर्नु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् । जिविसले जिल्लाको समग्र सामाजिक विकासको समन्वय गर्नुपर्ने दायित्व पनि हो यसर्थ सामाजिक परीक्षणबाट स्थानीय निकायमा देखिएका चुनौतीहरु निम्नअनुसार रहेका छन् । यी चुनौतीहरु पनि गत वर्ष भन्दा तात्विक रुपमा फरक देखिएका छैनन् ।

- जिल्लामा स्वास्थ्य संस्थाहरुको स्तरोन्नती भइरहेको छ । तर प्रजनन् स्वास्थ्यको अवस्था, खास गरी गर्भवती अवस्थामा आमाहरुले नियमित स्वास्थ्य जाँच गराउने विषय र स्वास्थ्य संस्थामा सुत्केरी गराउने क्रम कमजोर देखिन्छ ।
- करिब ४० वटा जति विद्यालयहरुमा पर्याप्त खानेपानी सुविधा पुगेको देखिँदैन । यो अवस्था गत वर्षको जस्तै हो । यसमा सुधारको आवश्यकता रहिरहेको छ ।
- लक्षित समूहमा गरिएको लगानीलाई अझ विपन्न र आधारभूत तहका समुदायको जीविकोपार्जन सुधार, तर्फ केन्द्रित गर्न आवश्यक छ ।
- भौतिक पूर्वाधार निर्माण कार्यबाट सामाजिक लक्ष्य पुरा भए नभएको र रोजगारी सिर्जना भएको अवस्थाको अभिलेख राख्न अझै पनि सबै निकायले सकिरहेको अवस्था छैन । गत वर्षको यो अवस्थामा अझै उल्लेख्य प्रगति हुन सकिरहेको देखिंदैन ।
- सामाजिक परीक्षण निर्देशिकाले तय गरेका न्यूनतम् सूचकहरुको आधारमा विषयगत कार्यालयहरुले सूचना अद्यावधिक गर्न सकेको देखिंदैन । विद्यालयमा वालवालिकाको पहुँच, स्वास्थ्य सेवामा कति घरधुरीको पहुँच रहेको छ भन्ने जस्ता सूचकहरुको यकिन तथ्यांक पाउन अझै कठिनाइ रहेको छ ।
- सामाजिक विकासको दृष्टिले पिछडिएको क्षेत्रमा भएको लगानीको प्रभावकारीता अनुगमन गर्न आवश्यक छ ।
- सामाजिक परीक्षणमा प्रकोप जोखिम न्यूनीकरण तर्फ समेत सामाजिक लेखाजोखाका सूचकहरु बन्नु पर्दछ ।
- सामाजिक सूचकहरु कतिपय स्थानमा दोहोरिने हुँदा समय सापेक्ष सूचकहरुमा परिमार्जन गर्न आवश्यक देखिन्छ ।

## १०  सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक परीक्षण स्थानीय निकायको नियमित कार्यको रुपमा रहि सकेको छ । सामाजिक जिम्मेवारी पुरा गरेको अवस्था, कार्यालयहरुको लक्ष्य र प्रगतिको समिक्षा गर्दा सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरुका लागि केही सुझावहरु प्रस्तुत गरिएको छ । केही सुझावहरु गतवर्षको निरन्तरताको रुपमा रहेका छन् ।

- स्थानीय निकायले सामाजिक परीक्षणको क्रममा देखिएका राम्रा पक्षहरु कायम राख्न र कमजोर अवस्थाहरु सुधार गर्न नियमित अनुगमन गर्ने र विशेष अभियान सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन निर्देशिकाको मर्म र भावना अनुरुप भौगोलिक तथा सामाजिक रुपले विपन्न वर्गको लागि विनियोजित वजेटको कार्यान्वयनमा विपन्न वर्गले प्रत्यक्ष लाभ पाउने योजनाहरुलाई प्राथमिकता दिइनु पर्दछ ।
- विकासमा महिला सहभागिता रहेको छ, तर निर्णायक तहमा महिला सहभागिता अत्यन्त कमजोर रहेको छ । निर्णायक तहमा महिला सहभागिता बढाउनका लागि तथ्यांक व्यवस्थित गर्ने र विश्लेषण गरि लगानी प्रवर्द्धन गर्ने तर्फ ध्यान जान जरुरी छ ।
- विपन्न वर्गमा लगानी केन्द्रित गर्नका लागि केही वर्षदेखि विपन्न वर्गको तर्फबाट लाभ हासिल गरिरहेका समुदायको पारिवारिक वा व्यक्तिगत  डाटाबेस तयार गरि उक्त स्थानमा लगानी नदोहोरिने वातावरण तयार गर्नुपर्दछ ।
- विषयगत कार्यालयहरुबाट प्रदान गरिने प्रविधि हस्तान्तरण र विपन्न लक्षित कार्यक्रमहरु विपन्न समुदायमा नै पुग्ने आधारहरु सुनिश्चित गरिनुपर्दछ ।
- विषयगत कार्यालयहरुलाई समेत स्थानीय निकायको सामाजिक परीक्षण सम्बन्धमा अभिमुखिकरण गर्न उपयुक्त हुनेछ ।

## सामाजिक परीक्षक

विदुर सुवेदी
धनकुटा ७, हुलाकटोल
सम्पर्क नं. : ९८५२०६०७९७
इमेल : subedibg@gmail.com
सम्पर्क : हुसाडेक नेपाल, धनकुटा ७, डाँडागाउँ
मिति : २०७२ असोज ५ गते ।

## सन्दर्भ पुस्तक तथा सामग्रीहरु :


- वार्षिक प्रगति समिक्षा प्रतिवेदन आ.व. २०७१/७२, जिविसको कार्यालय, धनकुटा
- सरकारी कार्यालयहरुको वार्षिक समिक्षा प्रतिवेदन आ.व. २०७१/७२, जिविसको कार्यालय,
- सामाजिक परीक्षण प्रतिवेदन २०७१, जिविसको कार्यालय, धनकुटा ।
- स्थानीय स्वायत्त शासन ऐन २०५५
- स्थानीय स्वायत्त शासन नियमावली २०५६
- स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन निर्देशिका २०६९
- दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको कार्यक्रम सञ्चालन निर्देशिका २०६५, उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति, नेपाल सरकार, स्थानीय विकास मन्त्रालय ।
- आदिवासी, जनजाति जिल्ला समन्वय समिति गठन गर्ने सम्वन्धी निर्देशिका
- जिल्ला परिषदका निर्णयहरु (आर्थिक वर्ष २०७०-७१ र २०७१-७२)
- जिल्ला वालपार्श्व चित्र २०७०, धनकुटा
- जिल्ला पार्श्वचित्र, धनकुटा
- जिल्ला विकास योजना २०७०/७१
- जिल्ला विकास योजना २०७१/७२
- स्थिति प्रतिबेदन २०७१/७२, जिल्ला शिक्षा कार्यालय, धनकुटा
- जनसंख्या पार्श्वचित्र धनकुटा, २०७१/७२, जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा
- वार्षिक प्रगति प्रतिवेदन पुस्तिका २०७०/७१, जिल्ला पशुसेवा कार्यालय, धनकुटा
- आ.व. २०७०/७१ को संरक्षण चिनारी पुस्तिका, जिल्ला भू–संरक्षण कार्यालय, धनकुटा